# प्रदेश सभा

# गण्डकी प्रदेश

# छैटौं अधिवेशन

# (चौतिसौं बैठक)

# कार्यवाहीको सम्पूर्ण विवरण

# मिति : २०७७।०३।०५ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा प्रारम्भ भयो ।

**माननीय सभामुख नेत्रनाथ अधिकारी**

माननीय सदस्यहरू, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरू सर्वप्रथम म गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावको विरोध गर्ने माननीय सदस्य श्री कुमार खड्कालाई आफ्नो संक्षिप्त वक्तव्य दिन अनुमति दिन्छु । समय १० मिनेट ।

**माननीय कुमार खड्का**

माननीय सभामुखज्यू, गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तुत प्रस्तावको विरोधको सूचना दिन, नियम १०६ मुताविक यहाँ उपस्थित छु । नेपालको संविधानको धारा २२० को उपधारा ८ र धारा २२७ ले व्यवस्था गरे अनुसार प्रदेश सरकारले ल्याएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धित विधेयक २०७४ लाई संविधानको मर्म र शब्द विपरित अनुमोदन गर्‍यौं । जो २०७५ वैशाख २४ मा प्रमाणिकरण समेत भयो । वि.सं. २०७६ कार्तिक १ गते सर्वोच्च अदालतका प्रधानन्यायधीश चोलेन्द्र शंम्शेर जंगबहादुर राणा न्यायमूर्तिहरू दीपक कार्की,

केदारप्रसाद चालिसे निरा खड्का र हरिकृष्ण कार्कीको संयुक्त इजलासले हाम्रो ऐनलाई संविधान विपरित भनेर अमान्य घोषित गर्दै खारेज गर्ने फैसला सुनायो । यो फैसलाले प्रदेश सरकार माथि मात्र होइन प्रदेश सभा माथि समेत नैतिक प्रश्न खडा गरेको छ । आफ्नो गल्तीलाई सुधार गरेर प्रदेश सरकारले स्थानीय तहका पदाधिकारी तथा स्थानीय सदस्यता सुविधा सम्बन्धी ऐनको नाम परिवर्तन गरेर २०७७ बैशाख १५ गते गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक दर्ता गरेको छ । संविधानले स्थानीय तहको पदाधिकारी सदस्यको सुविधा पाउने र त्यसको ऐन प्रदेश सभाले बनाउने गरेको व्यवस्थालाई हृदयङ्गम गर्दा यो विधेयक प्रदेश सभामा टेबुल गर्दा संवैधानिक र कानूनी व्यवधान र अडचन त केही छैन तर समयको प्रतिकूलता र नैतिक प्रश्न गम्भीर र ज्वलन्त रूपले खडा भएको छ ।

माननीय सभामुख महोदय, देशमा कोभिड—१९ ले पलय मच्चाइरहेको छ । मानव जीवनको रक्षा अहिलेको प्रमुख प्राथमिकता बनेको छ । बजेटका अभावले प्रदेशका नागरिक आवश्यक संख्यामा पिसिआर परिक्षण गर्न सकिएको छैन । क्वारेन्टाइन्डको दयनीय व्यवस्थापन र सुविधाको कसैसँग छेकेको छैन । आइसोलेसनमा, स्वास्थ्य केन्द्रमा, स्वास्थ्य जनशक्तिको अभाव छ । दवाइ, भ्यन्टीलेटर र अन्य उपकरणर पूर्वाधारको चरम अभाव छ । कृषकका खेत बाझा छन् । श्रमिकले श्रम गर्न पाएका छैनन् । हुँदा खाने वर्गको घरको चुलोको आगो निभेको छ । पेटमा भोकको ज्वाला बलेको छ । उद्योग, कलकारखाना साना ठूला व्यापार व्यवसाय ठप्प छ । बैंक क्राइसीसको संघारमा छन् तिनीहरू । रेमिटेन्स घटेको छ ।

अन्तर्राष्ट्रिय श्रम बजारमा आएको सिथिलताको कारण थुप्रै नेपालीहरू दाजुभाइ दिदीबहिनीहरूले वैदेशिक रोजगार गुमाएर देश फर्कने स्थिति रहेको छ । गण्डकी प्रदेशको प्रक्षेपित आन्तरिक आम्दानीको आधाको हाराहारीमा राजस्व उठेको छ चालु आर्थिक वर्षमा । संघ सरकारले भ्याट र आन्तरिक राजस्व उठाउन नसकेर चालु खर्च धान्न कर्मचारीको तलब पनि दिन नसक्ने स्थितिमा पुग्न लागेको छ । संघको राजस्वको आयतन घटेपछि स्थानीय र प्रदेश सरकारलाई प्राप्त हुने अनुदानको आधार पनि घट्ला । आर्थिक गतिविधि लगभगको कोमामा छ । यस्तो अकल्पनीय विषम

परिस्थितिमा घास धरि त बाँडेर खाने बेला हो भने हुने खानेका कुरा छोडौं थोरै हुनेले पनि हृदयलाई उदार बनाएर हुँदा खानेलाई सहयोग गर्ने बेला हो । राज्यको ढुकुटी दोहोन गरेर केही लिने भन्दा सानो ठूलो सहयोग गरेर राज्यको ढुकुटीलाई बलियो बनाउने बेलामा जनताको सेवा गर्न कसम खाएका जनताका सेवक जनप्रतिनिधिका लागि अत्याधिक सेवा वृद्धि लगभग १२२.७२ प्रतिशतसम्मको राज्य वृद्धिदर कोषले धान्नै नसक्ने गरेर विधेयक आउनु चिन्ताजनक छ । मैले पहिले पनि निवेदन गरिसके सभामुख महोदय, सेवा सुविधा पाउने स्थानीय जनप्रतिनिधिको अधिकार हो । सामान्य परिस्थिति भएको भए विधेयक आउँदा विरोध गर्नुको कुनै तुक छैन, थिएन तर महामारीको यो विकराल समस्यामा विधेयक आउनु सर्वथा गलत छ । २०७६ कार्तिक १ गते सर्वोच्च अदालतले पुरानो ऐनलाई असंवैधानिक अमानविय घोषणा गरे पश्चात् पनि ५ महिनासम्म नयाँ विधेयक ल्याउन नसक्नु तर कोभिड—१९ को कारण देश लकडाउनमा परी जनजीवन ठप्प भएको छ र पीडादायी समयमा विधेयक ल्याउनु सरकारको संवेदनहिनता र अकर्मण्यताको पराकाष्टा हो । हाम्रो विरोध विधेयकको औचित्यप्रति होइन विधेयक ल्याउने समयप्रति लक्षित छ सभामुख महोदय ।

जनताका सेवकले भोका र नाङ्गा जनताको गास र कपास खोसेर गाडी चढ्ने बेला हो यो त जनतालाई बाँसको पोल बनाएर त्रिपालको छानो हालेको क्वारेन्टाइन्डमा राखेर कोठामा चुक्कुल हाल्न नसकेर चेली बलत्कार भई रहदा पनि त्यतातर्फ रकम खर्च नगरेर १३ वटा १४ वटा शीर्षक बनाएर सुविधा लिने बेला हो यो ? अत्यन्त कष्टकर क्वारेन्टाइनमा तातोपानीका लागि समेत संघर्ष गरिरहेका, पिसिआर परीक्षणको लागि महिनौं दिन कुर्नुपर्ने मानसिक यातना सही रहेका भोक रोग पीडा र मृत्युले ढोका ढक्ढक्याई रहेका असामान्य पीडादायी जीवन बाँच्न अविशब्द नागरिकलाई जनप्रतिनिधिको सुविधा बढेको सूचनाले कस्तो अनुभूति होला सभामुख महोदय रु यस्तो गतिविधिले राजनीतिक दल र राजनीतिक व्यक्तिहरूप्रति वितृष्णा र घृणा बढ्दै जाने अन्तत्वगत्वा व्यवस्थाप्रति नै जनताप्रतिको मोह भंग भयो भने तेत्रो सहादतको अर्थ के ? तेत्रो सहीदहरूको बलिदानीको औचित्य के सभामुख महोदय ?

सभामुखज्यू मैले भावनामा बगेर कोरा आदर्शका मात्रै कुरा गरिरहेको छैन । सम्भव, व्यवहारिक, यथार्थपरक विचारहरू व्यक्त गरिरहेको छु । यहाँ केही विचारणीय प्रश्न र

चिन्ताहरूको चर्चा हुन आवश्यक छ । यो विधेयक आजै टेबल नगरी अलि सहज र अनुकूल समयमा ल्याउँदा स्थानीय तहमा जनप्रतिनिधिहरू सेवा, सुविधाबाट बञ्चित हुन्छन् त भन्ने प्रश्न छ । कदापि हुँदैनन् । यो विधेयक आफैले के बोलेको छ भन्दा खेरी यो विधेयक आज पास गरे पनि आजको १८ महिना पछि पास गरे पनि २० महिना पछि पास गरे पनि स्थानीय तहका पदाधिकारी र सदस्यहरूले सुविधा पाउने भनेको २०७६ कार्तिकबाट हो । असार भित्र विधेयक पास नभए पनि सुविधै नपाउने र रकम फ्रिज हुने जुन हल्ला चलाइएको छ यो तर्क सर्वथा गलत छ । यसो भएपछि सेवा सुविधाका लागि केही महिना कुरिदिनुस् भनेर हामीले आवाह्न गर्ने हो भने जनताका सच्चा जनसेवक स्थानीयका जनप्रतिनिधिहरूले अस्वीकार गर्छन् जस्तो मलाई लाग्दैन । अर्को प्रश्न पनि छ, त्यो प्रश्न भन्दा पनि गुनासो छ ।

प्रदेश सभाका माननीयहरूले आफूले पाउने सुविधा पूर्ण रूपले नै उपभोग गर्ने तर स्थानीय तहको सेवा सुविधाको कुरा गर्दा आदर्शको पाठ पढाउने यो त पाखण्ड भएन भन्ने विचार पनि आइरहेको छ । यो तर्कसँग मेरो सहमति छ । यो भनाईलाई सम्मान गर्नु पर्दछ । विधेयकलाई टेबुल गर्नु भन्दा पनि यो भावनालाई सम्मान र सम्बोधन गर्न आवश्यक छ सभामुख महोदय । प्रदेश सभाका हामी पदाधिकारी तथा सदस्यले यस विषयमा सोच्न जरुरी छ । हामीले पाएको गाडी, चालक, सचिवालय बन्दोबस्त विलासी सुविधा र असामान्य स्थितिमा उत्पादन लाग्ने भत्ता, विमा, यातायात जस्तो सुविधा यो सम्पूर्ण सदनका सदस्यले त्याग्न आवश्यक छ । सधैका लागि नसके पनि कोरोनाको प्रकोप सहज हुने सम्भावित महिना भनेको असार असोज मसान्तलाई मान्दा पनि त्यो समयलाई कुर्नका लागि त्यति पनि सकिँदैन भने स्थानीय तहको विधेयक पास नभएसम्मका लागि यो सुविधा त्याग्न आवश्यक छ भन्ने मलाई लाग्छ ।

सभामुख महोदय, यो अभियानको नेतृत्व र पहल माननीय सभामुखज्यूबाट होस् भन्ने सादर निवेदन गर्न चाहन्छु । जहाँसम्म व्यक्तिगत कुरा छ म स्वयं पनि सार्वजनिकले लेख समितिको सभापति भएकोले प्राप्त भएको सवारी साधन र चालक आजैको मितिदेखि नै अघि मैले उल्लेख गरेको समय सम्म प्रदेश सभा सचिवालय मार्फत नेपाल सरकार, गण्डकी प्रदेश सरकारलाई फिर्ता गर्ने घोषणा गर्दछु । कोभिड—१९ सँग लड्न प्रयोग गर्ने प्रयोजन हेतुको लागि यस्तै गरी यही समयावधिका लागि साउनबाट लागू हुने गरी

मलाई प्राप्त हुने बैठक भत्ता, सञ्चार सुविधा, निजी सचिवालय बन्दोबस्त, बिजुली धारा, दैनिक भ्रमण भत्ता, यात्रा विमा लगायतका सम्पूर्ण सुविधाहरू कोरोना कोषमा लिने तथ्य सदनलाई जानकारी गराउन चाहन्छु । यो बाहेक पनि आवश्यक परे सदनले निर्णय गर्दा अन्य सुविधा त्याग्न पनि तयार भएको कुरा सभामखुमार्फत सदनलाई जानकारी गराउन चाहन्छु।

माननीय सभामुख महोदय, हामीले त्याग्ने भनेको सुविधा धेरै ठूलो पनि होइन, अत्यन्तै न्यून रकम छ हामीले त्याग्नु भनेको खोजेको जति विषयको व्याख्या गरे पनि । राज्यलाई आर्थिक रूपले ठूलो सहयोग हुने पनि होइन तर महामारी र विपत्को असामान्य पीडामा देश र जनता मर्माहत हुँदा हाम्रा जनप्रतिनिधिहरू हाम्रा पीडामा हाम्रा साथमा छन् । संवेदनशील छन् भन्ने सन्देश प्रवाहित गर्न अत्यन्तै आवश्यक छ। हाम्रो यो सानो प्रयत्नले राजनीति दल र जनप्रतिनिधिहरूप्रति जनताहरूमा रहेको वितृष्ण र नकारात्मकतालाई न्यूनीकरण मात्र गर्न सकियो भने पनि यो अप्रतिम उपलब्धी हुने छ माननीय सभामुख महोदय । तसथर्, अन्त्यमा सभामुख महोदय मार्फत सम्पूर्ण सदनलाई यो मेरो विरोधको सूचनालाई आग्रह र पूर्वाग्रह दलीय आधार भन्दा माथि उठेर अहिलेको वास्तविकतालाई मध्यनजर गरेर यो टेबललाई टेबल गर्ने प्रस्तावलाई जुन विरोधको सूचना छ त्यसलाई अनुमोदन गर्दिनुहुन हार्दिक आग्रह गर्दै म आफ्ना अभिव्यक्तिलाई यही विराम दिन चाहन्छु धन्यवाद ! जय नेपाल !

**माननीय सभामुख**

माननीय सदस्यहरू अब म गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावको विरोध गर्ने माननीय सदस्य श्री हरिशरण आचार्यलाई आफ्नो संक्षिप्त वक्तव्य दिन अनुमति दिन्छु । समय १० मिनेट ।

**माननीय हरिशरण आचार्य**

माननीय सभामुखज्यू, हामीले आज यो सदनमा टेबल गर्ने भनेको विधेयक हरेक स्थानीय तह र विशेष गरी गाउँसभा, नगरसभा र जिल्लासभाको सम्पूर्ण सदस्यहरूको सेवा,

सुविधाको विषयलाई लिएर जुन ढङ्गले सरकारले एउटा विधेयक दर्ता गरिराखेको छ । यो दर्ता गरेको विधेयकको विषयवस्तु त्यो भित्र रहेर यहाँ विरोधको सूचना स्वरूप मैले जुन रूपमा यसलाई जर्ज गराएको छु र त्यो विषयवस्तु वास्तवमा यसो हेर्दाखेरी आफ्नो तलब सुविधा लिई राख्ने, आफूले भत्ता लिई राख्ने अनि यसले किन विरोध गरेको होला भन्ने विषय यो स्वभाविक रूपमा उठ्न सक्छ ।

आज यो संघीयताको एउटा मूलभूत विशेषता स्थानीय तह र प्रदेश सभा हो । त्यो स्थानीय तहको रूपान्तरिक अवस्था र त्यो स्थानीय तहको  त्यो परिवेशलाई हामीले हेर्दाखेरी सायद त्यो संघीयतालाई जोगाउनका लागि सबै भन्दा धेरै मेहेनत स्थानीय तहका सम्पूर्ण सदस्यले गरेका छन् । त्यो मैले पनि अनुभूत गरेको छु । आज त्यसलाई एकातिर हामी उहाँहरूले जुन मेहेनत गरिराखु भाको छ त्यो प्रति म सम्मान गर्न चाहन्छु ।

दोस्रो कुरा, आज यो मुलकमा एउटा संकटको घडी हाम्रो अगाडि छ । जो कोभिड–१९ को एउटा आक्रान्त अवस्था र यसले आम नेपाली जनतामाथि पारेको पीडा र यो नेपालको अर्थतन्त्रमा पारेको एउटा प्रभाव यो सबैलाई हेर्दाखेरी हामीले एकपटक आत्म समीक्षा गरेर हामी कति सुविधा लिने ? हामी कति राज्यबाट तलब लिने ? अथवा राज्यबाट सुविधा कति लिने भन्ने कुरा हामी आफैले आत्मसमीक्षा गर्नुपर्छ भन्ने लागेको छ भने आज हामीले प्रदेश सभाले निर्णय गर्दाखेरी यो परिस्थितिमा यो समयको अवस्थामा हामीले कसरी निर्णय गर्ने भन्ने कुरा हामीले अलिकति आत्मसमीक्षा गरी सोचौं । म आग्रह गर्न चाहन्छु यो विधेयकको सम्बन्धमा मैले हेर्दाखेरी के देख्छु भने अघि पूर्ववक्ता माननीयले पनि भनिसक्नु भाको छ ।

यति धेरै यो अस्वभाविक रूपमा त्यो वृद्धि गरिएको छ । उहाँहरूलाई हामीले यो सुविधा नदिने भन्ने विषयवस्तु होइन । त्यो सुविधाको सदुपयोग उहाँहरूले नलिने भन्ने कुरा पनि होइन । हामी आफैले पनि त्यो कुरा लिने कि नलिने भन्ने विषयवस्तु भई राखेको बेलामा उहाँहरूले पनि लिने कि नलिने भन्ने विषयवस्तु आखिर स्वभाविक रूपमा उठ्छ ।

त्यसो भएको कारणले म विनम्रतापूर्व के आग्रह गर्न चाहन्छु भने आखिर यो संघीयता यति धेरै खर्चिलो भयो भन्दै गर्दाखेरी हामी तलब सेवा सुविधा वृद्धि गर्दै जाँदाखेरी के यो संघीयतालाई हामी रक्षक भएको मानिन्छ कि भक्षक भएको मानिन्छ ? आज म यहाँहरूसँग मैले के कुरा सोचिराखेको छु भने मलाई लाग्छ आखिर जस्ले जन्माएको हो त्यसलाई बढी माया हुन्छ भन्ने कुरा स्वभाविक हुँदो रहेछ । यो संघीयता यसको अर्थ हिजो न त यो संघीयतालाई कहिल्यै संघीयता ल्याउनको निमित्त योगदान गर्नु न त कहिल्यै संघीयताको निमित्त संघर्ष गर्यौं, अनि आज त्यो संघीयता टिकोस् या नटिकोस् के मतलब ! जति सेवा सुविधा लिए पनि भयो । जति जनताले गाली गर्ने गरी ऐस आराम गरे पनि भो । अनि मैले यसो हेर्छु विधेयकमा यस्तो धेरै अस्वाभाविक निर्णय छ । गाडी चढेर हिंडिराखेको छ तपाईंले अहिले सर्वोच्च अदालतले अहिले यो हामीले जुन वैधानिक ढङ्गले निर्णय गरेको भनेर भनी राखेका छौं।

त्यो विधेयकलाई जुन पारित गरिएको थियो अगाडि त्यो विधेयक जुन वैशाख २४ गते प्रमाणित भएर आएको विधेयकलाई २०७५ वैशाख २४ गते प्रमाणित भएर आएको विधेयकलाई आज सर्वोच्च अदालतले खारेज गरिदिएको छ । त्यो निर्णयमा लिन नपाउने बनाइदिएको छ । तर यो अर्को फेरि दर्ता गरेको विधेयकमा हामीले के ल्याएका छौं ? गाडी चढ्ने ऐन बनाइदिएका छौं । हामीले स्थानीय तहका प्रमुख, उपप्रमुखहरूलाई जिल्ला समन्वयको प्रमुख, उपप्रमुखहरूलाई अनि हामी गाडी सुविधा भनेर फेरि दर्ता अर्को बजेट त्यसमा विनियोजित गरिराखेका छौं । उहाँहरूलाई त्यो सुविधा थप गरी राखेका छौं ।

अनि त्यही विषयवस्तु भोलि अर्को ठाउँमा मुद्दा पर्दाखेरी यो त सरकारका लागि पनि त होला नि ! हामीले स्थानीय तहका पदाधिकारीहरू अथवा सदस्यज्यूहरूका लागि मात्रै कुरा गरिराखेका छैनौं यो विषयवस्तु वास्तवमा फेरि भोलि सर्वोच्चले खारेज गर्ने परिस्थिति सिर्जना नहोस् म यहाँ आग्रह गर्न चाहन्छु । फेरि भोलि विवादित भएर मुद्दा चल्ने एउटा परिस्थितिमा पुग्न नसकोस् यसलाई कम्तिमा सरकारले गम्भीरताका साथ ध्यान दिओस् र म आग्रह गर्न चाहन्छु । यो कोभिड—१९ को यो परिवेशमा हिजो जुन हिसाबले स्थानीय तहको बजेट यहाँहरूले स्थानीय तहका सबै गाउँसभा, नगरसभा र जिल्लासभाका सदस्यहरूलाई जुन रूपमा सुविधा दिइएको थियो । त्यही स्केलमा नबढ्ने

गरी म अनुरोध गर्न चाहन्छु, त्यही स्केलमा नबढ्ने गरी अहिले कसैको पनि आज हामी एउटा कर्मचारीको तलब भत्ता कटौती गरिराखेका छौं ।

उसको भत्तालाई कटौती गर्दा खेरी हामी खुसी हुने तर जनताको सेवक हुने कसम खाएर आएका जनप्रतिनिधिहरूले तलब सुविधा वृद्धि गर्ने यो बेला ठीक छैन । कोभिड–१९ को यो संक्रमणको एउटा आक्रान्त यो परिस्थितिमा अनि फेरि नेपालको राजनीतिक घटनाक्रमले अर्को नयाँ परिस्थिति निर्माण गरिराखेको यो अवस्थामा हामीले फेरि यो विधेयक दर्ता गरेर फेरि अर्को गल्ती गर्ने खालको परिस्थिति सिर्जना गर्न हुन्न र यसलाई टेबुल गर्न हुन्न भन्ने रूपमा विरोधको सूचना पेस गरेको आधारमा म सम्पूर्ण माननीयज्यूहरूसँग अनुरोध गर्न चाहन्छु ।

यो वास्तवमा अहिलेको परिस्थिति अहिलेको समय र यसमा भएका कतिपय विषयवस्तुहरू सबैलाई हेर्दाखेरी अस्वभाविक टाइपको लाग्ने अस्वभाविक प्रकृतिको देखिने यो कारणले गर्दाखेरी म यहाँहरूसँग विनम्रताका साथ आग्रह गर्न चाहन्छु । यो गलत छ र यसलाई सच्याएर सरकारले नयाँ ढङ्गले यो विधेयक पेस गरोस् र त्यसलाई हामीले फेरि नयाँ ढङ्गले छलफल गरेर आउन पाइयोस् म सरकारसँग आग्रह गर्दै सम्पूर्ण माननीयज्यूहरूलाई यसलाई पारित गरिदिनुहुन म अनुरोध गर्न चाहन्छु । धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्यहरू अब म गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावक मा। आन्तरिक मामिला तथा कानूनमन्त्री श्री हरिबहादुर चुमानलाई आफ्नो संक्षिप्त वक्तव्य दिन अनुमति दिन्छु ।

**आन्तरिक मामिला तथा कानूनमन्त्री श्री हरिबहादुर चुमान**

माननीय सभामुख महोदय, गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यको सुविधा सम्बन्धीमा व्यवस्था गर्नको निम्ति जुन विधेयक आज हामी यसलाई टेबल गर्न गइराखेका थियौं । यसै सन्दर्भमा यसलाई टेबल नगरियोस् भनेर २ जना माननीयज्यूहरूले विरोधको सूचना यहाँ दर्ता गर्नु भो र उहाँहरूले त्यस सम्बन्धमा आफ्नो

मन्तव्य पनि राखिसक्नु भो । यस सन्दर्भमा पहिलो कुरा समग्रमा यसलाई स्थानीय तह भनिन्छ । स्थानीय तह सरकार । कार्यपालिकाको अधिकार, विधायिकी अधिकार र न्यायपालिकाको समेत अधिकार एकै ठाउँमा, एउटै सरकारमा तथा एकै ठाउँमा वा तहमा व्यवस्था भएको छ ।

त्यसैकारण त्यो सरकार हो । त्यो तीन वटै अधिकार भएकोले हामी स्थानीय तहलाई स्थानीय तह अर्थात् स्थानीय सरकार भनेर भनिराखेका छौं । अर्थात् स्थानीय तहमा सहभागी सबै सदस्य पदाधिकारीहरू जसरी हामी प्रदेश सभाका सदस्यहरू छौं । सरकार छौं र सदस्यहरू छौं । त्यसरी नै उहाँहरू पनि हुनुहुन्छ। त्यहाँ कुनै फरक छैन । हामीलाई विदाईको अधिकार छ । उहाँहरूलाई पनि छ । हामीलाई जुन सरकार कार्यपालिका छ उहाँहरूलाई पनि छ र न्याय दिने अधिकार पनि । न्यायको व्यवस्था दिने अधिकार पनि छ, त्यसकारणले चाहे त्यो संघीय सरकार अर्थात् त्यो संघीय सभा होस् चाहे प्रदेश सभा होस्, चाहे स्थानीय तहका गाउँसभा, नगरसभा र जिल्लासभा । त्यसकारणले यहाँ कुनै फरक छैन । त्यसकारण संघीय सरकार अर्थात् संघीय प्रतिनिधि सभामा अर्थात् राष्ट्रिय सभाका सदस्यहरू हामी माननीयहरू प्रदेश सभाका माननीय सदस्यहरूले पारिश्रमिक सहितको सेवा सुविधाहरू प्राप्त गर्ने तर उहाँहरूले त्यही स्वरूपको तिनै अधिकारहरू भएको स्थानीय तहका पदाधिकारीहरूले त्यो नपाउने जुन स्थिति छ, स्थिति जुन बनिरह्यो अब त्यसबाट हामीले शुरुमै पनि हामीले एउटा विधेयक यहाँ पारित गर्‍यौं ।

भलै त्यही सर्वोच्च अदालतबाट खारेज हुन पुग्यो र यस अन्तर्गत मैले यहाँ त्यो भन्ने के चाहेको भन्देखि एउटै उस्तैउस्तै प्रकृतिका हामी संघीय सभाका र प्रदेश सभाकाले अब यि सेवा सुविधाहरू प्राप्त गर्ने उहाँहरूले प्राप्त नगर्ने यो न्यायपूर्ण हुन्थेन । संविधानमा हामीहरूको सन्दर्भमा पारिश्रमिक लेखिएको उहाँहरूको सन्दर्भमा सुविधा मात्रै लेखेको अवस्था थियो र हामीले अघिल्लो विधेयक पनि सुविधा नै भनेर उल्लेख गरेका थियौं । तर अब त्यो सुविधाको परिभाषा र पारिश्रमिकको परिभाषा अर्थात् विश्वविद्यालयको पनि पारिश्रमिक परिभाषा गरेर त्यसलाई खारेज गरियो र पनि मैले यो सन्दर्भमा यहाँ स्पष्ट गर्न चाहेको कुरा के हो भने उस्तै प्रकृतिका, उस्तै काम गर्ने, उहाँहरूलाई पनि संविधानले तिनलाई पारिश्रमिक भनेर रोकेको सुविधा भनेर दिनुपर्छ त्यसको व्यवस्था गर्नुपर्छ भनेर

लाग्दै आयौं । केही समय २०७६ साल कार्तिक १ गते यो खारेज भएपछि उहाँहरू त्यसबाट बञ्चित हुनुहुन्छ । उहाँहरू अधिकांश हुँदा खानेहरू नै हुनुहुन्छ। थोरै केही हुने खाने हुनुहोला तर अधिकांश हुँदा खानेहरू नै हुनुहुन्छ ।

त्यसकारण उहाँहरूलाई यो सुविधाको व्यवस्था गर्नुपर्छ भनेर हामीले यो विधेयक ल्याएका छौं र यो यही बेलामा आयो भनेर जुन कुरा छ । र यो ४/५ महिना के हेरेर बसियो भनेर प्रश्न पनि गयो । पहिलो कुरा एकपटकको हामीले जुन कानून निर्माण गऱ्यौं त्यो खारेज भइसकेको अवस्थामा फेरि अर्को यसैमा संशोधन ल्याउनको निम्ति अर्को विधेयक ल्याउनको निम्ति अब सबै पक्षलाई बुझ्न जरुरी हुन्थ्यो र अर्को कुरा सर्वोच्च अदालतले त्यो निर्णय गरे पनि तुरुन्तै त्यसको पूर्णपात्र हामीले प्राप्त गर्न सकेनौं । त्यही पूर्णपात्र प्राप्त गर्नु पनि १ महिना करिव लाग्यो । र अन्य प्रदेशहरूसँग पनि सल्लाह गर्दै सबै प्रदेशको एक रूपतामै त्यो पेस गर्दा उपयुक्त हुन्छ भनेर हामीले केही समय पर्खेको हो । त्यो स्वभाविक पनि हो र अहिले हामीले यो पेस गरिरहँदा यो विधेयक पेस गरिरहँदा अब सबै प्रदेशको ठ्याक्कै उस्तै त बन्न सक्या छैन ।

मैले यहाँ थाहा पाइराख्या छु कतिपय प्रदेशहरू हामीले यहाँ जे प्रस्ताव गरिरहेका छौं सब भन्दा बढी सुविधाको निर्णय गरिसक्नु भो उहाँहरूले । निर्णय गरिसक्नु भो हामीले पत्रपत्रिकामा पढिराखेका छौं यो रूपले हामी केही समय पर्खिएर अन्य प्रदेशहरूसँग पनि यसबारेमा छलफल गर्दै यो विधेयक हामीले यहाँ ल्याएका हौं यसकारण यो अत्याधिक वृद्धि गरिएको भन्ने कुरा होइन पहिलो कुरा त अहिले हामी सबैको पारिश्रमिक पनि बढेको छ कर्मचारीहरूको पारिश्रमिक पनि बढेको छ । नेपाल सरकारकै निर्णय अनुसार त्यो बढेको छ । भने त्यसलाई पनि हामी ख्याल गर्नुपर्छ । हिजोका केही अपुगताहरू केही ठाउँमा अलि अपुग भयो कि भन्ने लागेको थियो अरु ठाउँमा पनि हामीले केही थपेका मात्रै छौं तर यो अत्याधिक वृद्धि गरिएको भन्ने कुरा तुलनात्मक हुन्छ ।

अन्य प्रदेशलाई पनि हेरौं र यो अत्याधिक वृद्धि गरिएको छैन भन्ने म राख्न चाहन्छु। अर्को कुरा मैले शुरुमै चर्चा गरें । उहाँहरू र हामीहरूमा गुणात्मक रूपमा एउटै एउटै खालको प्रकृतिको काम गर्ने हुनाले त्यो अन्तर देखिनु हुन्न । उहाँहरूलाई पनि

पारिश्रमिक कै रूपमा दिन नसके पनि सुविधाको रूपमा त्यसलाई व्यवस्था गर्नुपर्छ र यहाँ व्यहोराको सूचना दिनुहुने माननीयज्यूहरूले गर्वका साथ यहाँ घोषणा गर्नु भो म भत्ता लिन्न, अन्य सुविधाहरू लिन्न, भनेर घोषणा गर्नु भो । यो भन्दा अगाडि नै हामीले घोषणा गरिसक्यौं हाम्रो पारिश्रमिकबाट १ महिनाको भन्यौं कसैले आधा महिनाको भन्यौं, कसैले आज त्यो भन्दा बढीको भन्यौं ।

डेढ महिना, २ महिनाको पनि भन्यौं यसरी सो घोषणा गर्‍यौं हामीहरूले र आज पनि माननीयज्यूहरूले घोषणा गर्नु भो । त्यो परिस्थिति के उहाँहरूलाई सिर्जना गरिदिनु पर्दैन ? स्थानीय तहले यो सुविधा पाएपछि उहाँहरूले आफैले जसरी हामीले घोषणा गरिराछौं हाम्रा माननीयज्यूहरूले घोषणा गर्नु भो त्यसरी नै घोषणा गर्ने परिस्थिति बनाइदिने हाम्रो कर्तव्य होइन ? हाम्रो जिम्मेवारी होइन ? त्यो जिम्मेवारी हाम्रो हो१। अर्को कुरा प्रदेश सभाले नै कानून बनाइदिनु पर्छ । उहाँहरूको सेवा सुविधाको लागि लगायत अन्य आवश्यक कानूनहरू प्रदेश सभाले नै बनाइदिनु पर्ने हाम्रो जिम्मेवारी भएको हुनाले त्यो जिम्मेवारी पूरा गर्नको निम्ति प्रदेश सरकारले यो विधेयक ल्याएको हो ।

त्यसकारण यो जिम्मेवारीबाट प्रदेश सरकार पन्छन सक्दैन, पन्छिनु हुँदैन । यसमा अन्य अर्थ लाग्ने ढङ्गले प्रस्तुत नगरौं । हामीले सेवा सुविधा लिंदा उहाँहरूले पनि सेवा सुविधा दिनुपर्छ । यहाँ नेर जुन कुराहरू अब केही नमिलेका कुराहरू कतै देखिएछन् भने हामी छलफल गर्न खुल्ला छौं । विधायन समितिमा यस विषयमा छलफल हुन्छ र फेरि यो सभामा हामी छलफल गर्छौं । त्यसलाई सच्याउने÷परिमार्जन गर्ने ठाउँ छदै छ । यसकारण यहाँ पेस भएपछि जस्ताको तस्तै पास भैहाल्छ भन्ने कुरा पनि होइन । त्यसकारण हामीले धेरै आवश्यकता अनुसार परिमार्जन गरेर लैजान सक्छौं । यति भन्दै मैले अझ विशेष जोड दिएर भन्न चाहेको कुरा के भने यो अत्यावश्यक हो । अत्यावश्यक भएरै स्थानीय स्थहले दबाव पनि दिइराखु भाछ । हामीलाई धेरै दिन नै भयो यो कुरा भनेको । सबै माननीयज्यूहरूलाई यो दबाव परेकै छ त्यसकारण यसलाई आज टेबल गर्ने परिस्थिति बनेको छ । यो कार्य सूचीमा आएर यो टेबल गर्ने स्थिति बनेको यसमा स्थानीय तहका साथीहरूको निकै ठूलो दबावका साथमा हामी यहाँ आइपुगेका छौं। यो विषयमा सबै माननीय सदस्यहरूलाई जानकारी छ ।

त्यसकारणले यो विधेयकलाई सहज ढङ्गले अगाडि बढाउनका निम्ति म आग्रह गर्न चाहन्छु । र अब विरोधको सूचना दिनु हुने माननीयज्यूहरूले यस बारेमा गम्भीरतापूर्वक महशुस गर्नु हुनेछ । यो आवश्यकता हो, यो हाम्रो जिम्मेवारी हो । भन्ने महसुस गर्दै विश्वास राख्नु हुनेछ भन्दै आफ्नो भनाइ यही टुङ्ग्याउछु । धन्यवाद!

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब म गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १०५ बमोजिम माननीय सदस्य श्री कुमार खड्काले गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव माथि दर्ता गर्नु भएको विरोधको सूचना फिर्ता लिन चाहनु हुन्छ भने सो को लागि समय उपलब्ध गराउछु ।

माननीय सदस्यहरू अब म गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १०५ बमोजिम माननीय सदस्य श्री हरिशरण आचायले गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव माथि दर्ता गर्नु भएको विरोधको सूचना फिर्ता लिन चाहनु हुन्छ भने सो को लागि समय उपलब्ध गराउछु ।

माननीय सदस्यहरू गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव माथि दर्ता गर्नु भएको विरोधको सूचना माथि माननीय सदस्य कुमार खड्का र माननीय सदस्य हरिशरण आचार्यले फिर्ता लिन अस्वीकार गर्नु भएकोले उक्त प्रस्ताव निणयार्थक प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले हुन्छ भन्नु होस् ।यसको विपक्षमा हुने माननीय सदस्यहरूले हुन्न भन्नु होस् । हुन्न भन्ने माननीय सदस्यहरूको बहुमत भएकोले उक्त प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, माननीय सदस्य कुमार खड्का र माननीय सदस्य हरिशरण आचार्यले दर्ता गर्नु भएको प्रस्तावनाको अनुमति माग्ने प्रस्तावको विरोधको सूचना बहुमतले

अस्वीकृत भएकोले अब म माननीय आन्तरिक मामिला तथा कानूनमन्त्री श्री हरिबहादुर चुमानलाई गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्मानित सभा समक्ष प्रस्तुत गर्नु अनुमति दिन्छु ।

**माननीय हरिबहादुर चुमान**

माननीय सभामुख महोयद, माननीय सभामुखज्यूको अनुमतिले गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले सुविधा सम्बन्धी प्रचलित कानूनी व्यवस्थालाई समयानुकूल बनाउन वाञ्छनीय भएकोले गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपालको संविधान धारा १९८ को उपधारा १ तथा गण्डकी प्रदेश, प्रदेशसभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्यहरू, अब म माननीय भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री श्री लेखबहादुर थापा मगरलाई विनियोजन विधेयक २०७७ छलफल गर्ने क्रममा आफ्नो मन्त्रालयसँग सम्बन्धित शीर्षकमा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु।

**माननीय लेखबहादुर थापा मगर**

माननीय सभामुख महोयद, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङज्यूबाट मिति २०७७/३/७ मा प्रस्तुत विनियोजन विधेयक माथिको छलफलका क्रममा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयसँग सम्बन्धित विषयमा २०७७ असाढ १६ र १७ गते माननीय सदस्यज्यूहरूले उठाउनु भएका जिज्ञासा रचनात्मक सल्लाह सुझावको लागि आभार प्रकट गर्दछु । प्रदेशको आर्थिक समृद्धिको लागि भूमिको प्रकृतिको आधारमा उपयोग गर्ने नीति अवलम्बन गरी सहकारी क्षेत्रको प्रचार मार्फत कृषि एवं पशुपन्छी जन्य उत्पादन एवं व्यवसायीमा यन्त्रिकीकरण, व्यवसायीकरण, बजारीकरणको माध्यमबाट कृषि क्षेत्रको आधुनिकरण गर्दै रोजगारीको अवसर तथा पहुँच

अभिवृद्धि गरी गरिबी न्यूनीकरणको क्षेत्रमा योगदान पुऱ्याउन भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय निरन्तर कार्यरत  छ ।

प्रभावकारी भू-उपयोग नीति लागू गरी सहकारीको प्रचलन मार्फत कृषि क्षेत्रको विकास गरी दीगो फामकेन्द्र उच्चदरको आर्थिक वृद्धि हासिल गर्न योगदान पुऱ्याउने दूर दृष्टि रहेको मन्त्रालयको देह भनेको उपलब्ध हुने स्रोतको प्रभावकारी प्रचलन सहकारी तथा कृषकहरूको क्षमता अभिवृद्धि र गरिबी न्यूनीकरण गर्ने रहेछ। नेपालको संविधान २०७२ को भाग ३ धारा ३६ मा उल्लेखित खाद्यसम्बन्धी हकको प्रत्याभूतिको लागि प्रदेशको खाद्य सुरक्षा एवं पोषण सुरक्षाको प्रत्याभूति गर्दै गरिबी न्यूनीकरण एवं प्रादेशीक अर्थतन्त्रमा योगदान गर्ने लक्ष्य मन्त्रालयको छ ।

प्रदेशको कूल कृषक परिवार संख्या ४ लाख ३३ हजार ९ सय ५९ रहेको र कृषिमा आश्रित जनसंख्या १५ लाख ५५ हजार २ सय ३५ रहेको ६४.७२ प्रतिशत रहेको छ । प्रदेशमा कुल १ लाख २५ हजार ५३ हेक्टर ३३.७५ प्रतिशत सिञ्चित क्षेत्रफल रहेको १२ महिना सिंचाई हुने क्षेत्रफल ५९ हजार ८ सय ४७ हेक्टर ४९.४६ प्रतिशत रहेको छ । प्रदेश सरकार कार्यविधि नियमावली ७४ मा व्यवस्था भए अनुरूपका कार्य क्षेत्र र कार्यक्रम सम्पादन गर्न मन्त्रालय उद्धत रहेको छ । यसै क्रममा सहकारी नियमावली २०७६ पारित भएको, कृषि व्यवसाय प्रबन्ध विधेयकको प्राविधिक मौस्यौदा तयार भएको, गण्डकी प्रदेश एकीकृत भूमि व्यवस्था गर्नको लागि विधेयक तर्जुमा प्रचलन स्वीकृत प्राप्त भएको र मन्त्रालयको स्वीकृत कार्यक्रमहरू हालसम्म सञ्चालन गर्नको निम्ति ६८ वटा कार्यविधिहरू स्वीकृत रहेका छन् ।

गत आर्थिक वर्षमा स्थापना भएको सहकारी रजिष्टर कार्यालयसहित मन्त्रालय अन्तर्गत सहकारी क्षेत्र तर्फ १ कार्यालय सरकारी रजिष्टरको कार्यलय कृषि क्षेत्र तर्फ १४ कार्यलयहरू निर्देशनालय १ तालिम केन्द्र १ प्रयोगशाला ३ फाम केन्द्र ३ कृषि ज्ञानकेन्द्र ६ र पशुपन्छी क्षेत्रसँग सम्बन्धी १० कार्यक्रमहरू निर्देशन १ तालिम १ फाम केन्द्र १ भेटनरी अस्पताल ७ गरी कूल २५ वटा कार्यलयहरू रहेका छन् । कूल दरवन्दी संख्या ४१७ रहेता पनि ३०२ पद मात्र पूर्ति भएको छ ।

हालसम्म ५ वटा जिल्लामा कृषि ज्ञानकेन्द्र ४ वटा जिल्लामा पशु सेवा विक्रीकेन्द्र विहिन छन् । जसमा दोस्रो जिल्लाबाट सेवा प्रवाह भइरहेको छ । आगामी आर्थिक वर्षबाट सबै जिल्ला कृषि ज्ञानकेन्द्र र भेटनरी अस्पताल तथा पशु सेवा विक्रीकेन्द्र स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।

हालसम्म सम्पन्न योजनाको विवरण ः

चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म ३२.६४ प्रतिशत बजेट कार्यन्वयन भएको छ । अष्टमासिक अवधिको भार प्रगति ५४ प्रतिशत रहेको छ । विश्वव्यापी कोरोना महामारिको कारण सिर्जित विसम परिस्थितिका बाबजुद मन्त्रालयले हालसम्म सम्पन्न रहेका मुख्यमुख्य योजना कार्यक्रमहरू सम्मानीत सदनलाई जानकारी गराउन चाहन्छु ।

०७७ जेठ मसान्तसम्मको उपलब्धीहरूः कृषि यन्त्र तथा औजार उत्पादन र वितरण २७३ जना कृषकलाई वितरण गरिएको साना सिंचाई कार्यक्रम सञ्चालन निर्माण तथा मर्मत सिंचाई प्रणाली निर्माणको निम्ति २८७ वटा, प्रशोधन केन्द्र तथा कृषि कल्चर ल्याप ४ वटा केरा तथा सुन्तला जातको कृषिको निम्ति निर्माण गरिएको, बीउ उत्पादन परिणामको आधारमा नगद अनुदान ६ वटा कृषि तथा सहकारी पशुपन्छी तथा मच्छेमोडल फर्म स्थापना तथा सञ्चालनका निम्ति २ हजार ७५ वटा फामको स्थापना कृषि मोडल फर्म सञ्चालन कार्यक्रम २४५ फर्म स्थापना, मुख्यमन्त्री वातावरणमन्त्री नमुना कृषि गाउँ कार्यक्रम ७२ वटा स्थानमा कार्यान्वयन भइरहेको छ । कृषि सम्बन्धी पकेट र बलक वितरण कार्यक्रमहरू प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत २९४ पकेट र ५८ बलकहरू स्थापना भएका छन्। गत वर्षको तुलनामा आलु, तरकारी, मकै, स्याउको उत्पादन र उत्पादकत्वमा वृद्धि भएको छ ।

सुन्तलाको उत्पादनकत्वमा मापन योग्य ४.९९ मेट्रिकटन हेक्टरबाट ६.२७ मेट्रिकटन हेक्टर सुधार आएको छ । स्थानीय तहको साझेदारीमा कुल रुम स्थापना २० वटा, स्थानीय तहसँग साझेदारीमा कृषि बजार केन्द्र स्थापना १३ वटा, दुग्ध केन्द्र स्थापना १० वटा उन्नतजातका स्याउको विरुवा वितरण ४१ हजार १ सय ३० वटा बिरुवा जो गोर्खा, मनाङ र मुस्ताङ जिल्लामा वितरण गरी लागू गरिसकेको छ ।

प्राकृतिक प्रकोप र महामारीजन्य रोग र किराबाट कृषि र पशुपन्छीमा भएको क्षतिका लागि राहत म्याग्दी जिल्लाका असली पीडित ८५४ कृषकहरूका लागि १ करोड १ लाख ९२ हजार, पुनस्थापना केन्द्र सहयोग त्यसैगरी कृषि तथा पशुपन्छी क्षेत्रमा प्रकृतिक प्रकोप विगतबाट विविध कृषकहरूलाई विभिन्न विधामा पुनस्थापना सहयोग उपलब्ध गराइएको छ । जग्गा चक्लाबन्दी कार्यक्रम १८ सय २७ रोपनी, १ सहकारी १ उत्पादन कार्यक्रम ३८ वटा सहकारी क्षेत्रहरूमा कार्यक्रम सञ्चालन भएको छ ।

गत आ.व. को सिंचाइको अनुसरण गर्दै यस आवमा कार्यक्रमहरू समयमा नै सम्पन्न गर्न पहिलो चौमासिक अवधिमा नै सूचनाहरू प्रकाशन गरी लाभदाय तथा सौझौता सम्बन्धी कार्यहरू सम्पन्न गरे तापनि कोभिड—१९ को महामारीका कारण रहेको बन्दाबन्दीले कार्यलय स्तरबाट सञ्चालन गर्नुपर्ने कार्यहरू सम्पादन र कठिनाई अनुदान साथै उत्पादन साधन र निर्माण सामाग्री आपूर्तिमा असहजता भएका कारण मन्त्रालय मातहतका कार्यलय कार्यन्वयनमा समस्या उत्पन्न भएको छ । माननीय सदस्यज्यूहरूले उठाउनु भएको विषयवस्तुहरूको सन्दर्भमाः

१) मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाउँको सन्दर्भमा : प्रारम्भीक चरणमा कार्यक्रम तर्जुमा गर्दा वातावरण मैत्री कार्यक्रम भनिए तापनि जलवायु प्रयोजनका असरहरू घटाउनु तथा अनुकूलन गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेकोले विज्ञहरूको राय तथा सुझावका आधारमा कार्यक्रमको नाम परिमार्जन गरी मुख्यमन्त्री जलवायू मैत्री नमुना कृषि गाउँ कार्यक्रम चयन गरिएको हो। आर्थिक वर्ष ०७७/०७८ मा यस कार्यक्रम प्रदेशका सबै स्थानीय तहमा कार्यन्वयन गर्ने व्यवस्था मिलाइएको छ । प्रत्येक नमुना गाउँले प्राप्त गर्ने सहयोगको रकम वृद्धि गरिएको छ । यस कार्यक्रम कार्यन्वयन सम्बन्धी कार्यविधि परिमार्जन गरी सम्बन्धित कृषि ज्ञान केन्द्र, भेटनरी अस्पताल तथा पशु सेवा विक्रीकेन्द्र र स्थानीय तहको भूमिका प्रभावकारी बनाइने छ । यस कार्यक्रमका लागि रु २४ करोड ५६ लाख बजेट विनियोजन गरिएको छ ।

२) बजेट बास्केटमा राखिएको सम्बन्धमाः कोभिड—१९ लक्षित कार्यक्रमको व्यक्ति अर्थात् समुदायको आधारमा समुदायको मोडालिटि अनुरूप सम्पादन गर्नको लागि राखिएको देखि बाहेक अन्य बजेट बास्केटमा राखिएको छैन ।

३) खाद्य बैंक स्थानान्तरणको सम्बन्धमाः आर्थिक वर्ष ०७७÷०७८ को नीति तथा कार्यक्रमको बुँदा नं. ९८ मा खाद्यान्न स्थापनाको लागि नेपाल सरकार र स्थानीय सरकारसँग सहकार्य गर्ने कुरा समावेश भएको छ । प्रदेशका ११ वटै जिल्लामा खाद्य बैंक स्थापनाका लागि विशेष अनुदान स्वरूप रु ५० करोड उपलब्ध गराउन नेपाल सरकारलाई अनुरोध गरिएको थियो । नेपाल सरकारले २०० खाद्य भण्डार केन्द्र स्थानान्तरणका लागि स्थानीय तहहरूलाई रु १ करोड वित्तिय हस्तान्तरणको व्यवस्था मिलाएको नेपाल सरकारको बजेट वक्तव्यको बुँदा नं. ८९ मा छ । गण्डकी प्रदेशका स्थानीय तहहरूमा सम्भाव्यता र औचित्यताका आधारमा खाद्यान्न भण्डार स्थापना गर्न प्रदेश सरकारले नेपाल सरकारसँग आवश्यक समन्वय गर्ने छ।

४) स्याउ र आलु खेती प्रबद्र्धन सम्बन्धमा ः प्रदेशका हिमाली जिल्लाहरू मनाङ, मुस्ताङ र गोर्खा धाचे, चुङदौली गाउँपालिकामा स्याउ विशेष कार्यक्रमका लागि संघीय विशेष अनुदान रु ४ करोड र प्रदेश तर्फको रु १ करोड ५० लाख गरी ५ करोड ५० लाख बजेटको व्यवस्था गरिएको छ। यस्तै गरी प्रदेश कृषि ज्ञानकेन्द्रहरू मार्फत आलु खेती प्रबद्र्धन कार्यक्रम सञ्चालनका लागि २ करोड ६२ लाख ५० हजार बजेट व्यवस्था गरिएको छ ।

५) कृषि विकास सम्बन्धमाः कृति तथा पशुपन्छी विमाको प्रिमियममा संघीय सरकारले उपलब्ध गराउँदै आएको ७५ प्रतिशत अनुदानमा २५ प्रतिशत प्रिमियम अनुदान थप गरी सत् प्रतिशत अनुदान उपलब्ध गराउन आर्थिक वर्ष ०७७/०७८ मा रु ४ करोड ७७ लाख ५० हजार बजेट व्यवस्था गरिएको छ ।

६) प्रत्येक क्षेत्रलाई १ पालिका १ उत्पादनको सम्बन्धमा ः आर्थिक वर्ष ०७७/०७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण प्रयोजन अन्तर्गत सञ्चालन हुने सबै पकेटहरू स्थानीय तह मार्फत सञ्चालन गर्ने गरी संघीय सरकारले आवश्यक

व्यवस्था मिलाएको छ । मन्त्रालय मातहतका कार्यालयहरुबाट सञ्चालन हुने पकेट क्षेत्र विशेष कार्यक्रमका लागि रु ३ करोड ३३ लाख बजेट व्यवस्था गरिएको छ । त्यसै गरी सबै स्थानीय तहमा बाली वस्तु विशेषका ब्लक कार्यक्रम सञ्चालनका लागि कृषि तर्फका ८१ र पशु तर्फका ४ गरी ८५ पालिकाको लागि शसर्त अनुदान रु २४ करोड ६२ लाख बजेट व्यवस्था गरिएको छ ।

७) रोजगारीका अवसर सिर्जना गर्ने र वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई कृषिमा आकर्षित गर्ने भन्ने सम्बन्धमा : कृषि तथा पशुपन्छी व्यवसाय मार्फत रोजगारीका अवसर सिर्जना गर्न कृषि तर्फ २७२ र पशुपन्छी तथा मत्स्यतर्फ २३३ गरी ५०५ किसान साना व्यवसाय फम स्थापना तथा विस्तारका लागि रु १५ करोड ३१ लाख बजेट व्यवस्था गरिएको छ । त्यसैगरी वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई कृषि व्यवसायमा आकर्षित गर्न रु १८ करोड ५० लाखको कोरोना प्रभाव लक्षित कृषि कार्यक्रमको व्यवस्था गरिएको छ । कृषि सहकारी : सहकारीको स्थापना कार्यलय सँगै सबै सहकारीको नियमन गरिने छ फलस्वरूप सहकारीले ३० प्रतिशत पुँजी लगानी गर्नुपर्ने र सुलभ दरमा ऋण उपलब्ध गर्नुपर्ने विषय कार्यन्वयनमा ल्याइने छ । मलको सन्दर्भमा : रासायनिक मलको सहज आपूर्तिका लागि संघीय मन्त्रालयको समन्वयमा आगमी आवमा आपूर्ति सहज गरिने छ । जुन कुरा हरेक गाउँ पालिकामा कृषि मलको डिपोट निर्माण गर्ने केन्द्रीय सरकारको निर्णय भएको छ।

८) साना सिचाई सन्दर्भमा : ०७७/७८ मा कम्तीमा १ सय हेक्टर सिंचित क्षेत्रफल वृद्धि गर्न, सबै कृषि ज्ञानकेन्द्र मार्फत सञ्चालन हुने गरी ४०९ साना सिंचाई कार्य आयोजनाका लागि रु २० करोड ४५ लाख बजेट व्यवस्था गरिएको छ ।

९) कृषि क्षेत्रलाई व्यवसायिकरण गर्ने सन्दर्भमा : कृषि क्षेत्रका सबै कार्यक्रमहरूले व्यवसायीकरणमा टेवा पुऱ्याउने छ । विशेष गरी व्यवसायी फलफूल खेती कार्यक्रमका लागि रु १ करोड ३५ लाख, तरकारी उत्पादन वृद्धिका लागि क्षेत्रफलका आधारमा प्रोत्साहन कार्यक्रम रु २ करोड ४९ लाख दुग्ध उत्पादन

आधारको लागि प्रोत्साहन कार्यक्रमको लागि रु ४ करोड ४१ लाख बजेटको व्यवस्था गरिएको छ । साथै बाँझो जग्गा सदुपयोग गर्नका लागि प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिएको छ ।

१०) रैथाने बिउ संरक्षण तथा अन्य बिउ प्रबद्र्धनका सन्दर्भमाः रैथाने बालिका बिउको संरक्षण र प्रबर्द्धनका लागि आव ०७७/०७८ मा ३ वटा सामुदायिक बिउ बैंक सन्दर्भमा ल्याउने गरी रु ६० लाख बजेट व्यवस्था गरिएको छ । त्यसै गरी ट्स्टरमा रैथाने बालिको संरक्षण तथा प्रबद्र्धन कार्यक्रम सञ्चालन गर्नको निम्ति संघीय सशस्त्र अन्तर्गत रु १ करोड १० लाख प्रदेश सरकारको विशेष कार्यक्रम अन्तर्गत रु ३५ लाख गरी जम्मा रु १ करोड ३५ लाख बजेट व्यवस्था गरिएको छ ।

११) कृषिमा संघीयता लागू हुनु पूर्व कायम रहेको केन्द्र देखि स्थानीय स्तर सम्मको चेन् फुटेको र त्यसलाई जोड्ने सम्बन्धमा ः संघ, प्रदेश र स्थानीय तह अन्तर्गत रही कृषि पशुपन्छी तथा मच्छे सेवा प्रदायक निकायहरू बीच समन्वय र सहकार्य प्रबद्र्धनका लागि कृषि ज्ञानकेन्द्र र भेटनरी अस्पताल तथा पशुसेवा विक्रीकेन्द्र स्तरमा नियमित छलफल अन्तक्रिया तथा प्राविधिक बार्तालाभ गर्ने व्यवस्था मिलाइएको छ ।

१२) कृषि ऋणमा ब्याज अनुदान सम्बन्धमा ः कृषिमा ब्याज अनुदान प्रदान गर्ने सन्दर्भमा चालु आवको अनुभवलाई समेत दृष्टिगत गरी बैंक तथा वित्तिय संस्था मार्फत लिएको कृषि ऋणमा ५० प्रतिशत जो ११ प्रतिशत सम्मको ब्याज दिने वित्तिय संस्था तथा बैंकहरूलाई ५० प्रतिशत समग्रमा ५ प्रतिशत सम्मको ब्याज अनुदान प्रदान गर्ने रु १ करोड बजेटको व्यवस्था गरिएको छ । ११ प्रतिशतको ५० प्रतिशतले साढे ५ प्रतिशत जति हुन आउँछ ।

१३) प्रतिफलमा आधारित अनुदान सम्बन्धमा ः आगामी आव देखि दुध र तरकारीमा प्रतिफलमा आधारित अनुदान कार्यक्रम प्रतिस्पर्धाका आधारित नभै आम कृषकले पाउने गरी व्यवस्था गरिएको छ । बाँझो जग्गाको उपयोगको लागि पनि

अनुदानको व्यवस्था गरिएको छ । यसले कृषिको व्यवसायीकरणमा मार्गनिर्देशन गर्ने काममा सघाउ पुग्ने देखिन्छ ।

१४) कृषि अनुदान ठूला व्यवसायी नक्कली, झोले, पूर्वमन्त्री, आफन्तले मात्र पाए भन्ने सन्दर्भमाः कार्यक्रमहरू नितान्त कार्यविधिमा आधारित रहेर खास कृषकहरूलाई पुग्ने गरी सञ्चालन गरिँदै आएको छ । वास्तविक कृषकले बाहेक अन्यले कृषि अनुदान प्राप्त नगरुन् भन्ने अभिप्रायले आगामी आवमा प्रतिस्पर्धात्मक अनुदान कार्यक्रमहरूलाई व्यवस्थित गरी आम कृषकहरूले लिन सक्ने नीति लिएको छ। छाता कार्यविधिको कारण माध्यमबाट कार्यक्रम सञ्चालन गरिने भएकोले सही सदुपयोग भन्ने कुरामा विश्वास लिएको छ ।

१५) कृषि कार्यविधिको कमी सम्बन्धमा : कृषकको घरदैलोमा सेवा पुगोस् भन्ने उद्देश्यका साथ कृषिको संरचना पुनर्गठन गरी सबै जिल्लामा सेवा प्रवाह गर्ने कारणले स्थापना गरी दर्बन्दी अनुरूपका कर्मचारीहरू करारमा लिएर भएपनि सरल टेवा पुर्‍याउने उद्देश्य लिएको छ । संघीय मन्त्रालयबाट पनि सबै पालिकाहरूमा कृषि प्राविधिक राख्ने व्यवस्था मिलाइने भएकोले आगामी आवमा प्राविधिकको कमीको कारण भएका समस्या समाधान हुने विश्वास लिएको छ ।

१६) जग्गा चक्लाबन्दी सम्बन्धमा : चक्लाबन्दी कार्यक्रम अत्यन्त सफल रहेको र उत्पादनमा ४० प्रतिशत सम्म बडोत्तरी देखिएको सन्दर्भमा आगामी आ.ब.मा यस कार्यक्रमलाई व्यापक गरिने लक्ष्य लिएको छ । ढुङ्गा गिटी बालुवाको चक्लाबन्दी कार्यक्रम लच्छित हुने तर्फ मन्त्रालय सचेत रहेको र कार्यक्रमको उद्देश्य अनुरूप नियमित अनुगमन पश्चात मात्रै कार्यक्रम स्वीकृत गर्ने र कार्यसम्पादन स्तर अनुरुप नै भुक्तानी दिने व्यवस्था गरिएको छ । सम्भाव्य ठाउँमा चक्लाबन्दी गरेर यान्त्रीकीकरणले सिंचाई व्यवस्थापन प्रविधि हस्तान्तरणको माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ । योजना अनुरूप भए नभएको, प्रदेशको पञ्चवर्षे योजना प्रदेश सरकारको कृषिको प्राथमिकता, गरिबी

निवारणका लक्ष्य, कृषि विकास रणनीति, खाद्य तथा पोषण सुरक्षा लगायतका अवयवहरूलाई मध्यनजर राखेर नै कार्यक्रम तर्जुमा गरिएको छ ।

१७) कृषि उपजलाई स्टोर बजारीकरणको सम्बन्धमा : आगामी आ.ब.मा पनि कोल स्टोर कोल रुम स्थापना कार्यक्रमलाई अगाडि बढाइएको छ । बाइक ग्यारेन्टीको लागि मुख्य कृषि उपजको न्यूनतम समर्थन मूल्य तोक्ने र कृषि बजार व्यवस्था स्थापना र संचालनको कार्यक्रमलाई ठोस रूपमा अगाडि बढाइने लक्ष्य लिएको छ ।

१८) सभामुख महोदय, आगामी आ.ब.को कार्यक्रम एवं मन्त्रालय र मातहतका कार्यलयहरूको कार्यक्रम सभा सन्दर्भमा : प्रदेशको प्रथम पञ्चवर्षे योजना १५ औं राष्ट्रिय पञ्चवर्षे योजना कृषि विकास रणनीतिले निर्दिष्ठ गरे बमोजिम मन्त्रालयले आगामी आ.ब.मा आफ्नो कार्य सम्पादन गर्दै जाने व्यहोरा जानकारी गराउन चाहन्छु । मन्त्रालयका कार्यक्रमहरू प्राथमिकताक्रम र सम्भाव्यताका आधारमा समग्रमा कार्यक्रम तयार गरिएको छ । जसमा मूलभूत कार्यक्रम मध्ये यहाँ पस्कन चाहन्छु । हामीले कृषि व्यवसायमा रोजगारी सिर्जना गर्ने उद्देश्यले कोभिड—१९ का लागि कृषिमा सहुलियत कार्यक्रम राखेका छौं । निर्वाहमुखी र नयाँ केही व्यवसायले किसानलाई उत्पादन वृद्धिमा जोड्ने उद्देश्यले साना व्यवसाय सहयोग कार्यक्रम राखेका छौं । बाँझो जग्गा उपयोग र कृषि उत्पादनमा जोड गर्ने उद्देश्यले बाँझो जग्गामा उत्पादन प्रसारण कार्यक्रम प्रति रोपनी ३ हजार रूपैयाँ दिने गरी व्यवस्था गरेका छौं । व्यवसाय तरकारी उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन गर्ने उद्देश्यले तरकारी खेती प्रसारण कार्यक्रम पक्कै पनि रु ३ हजार दिने व्यवस्था गरेका छौं । किसानलाई निःशुल्क विमा गरी जोखिम न्यूनीकरण गर्ने उद्देश्यले कृषि विमामा २५ प्रतिशत थप गरी सत् प्रतिशत बनाउने कार्यक्रम बनाएका छौं । उत्पादनमा आत्मनिर्भर हुने उद्देश्यले धान, मकै, भटमास तथा आलु विकास कार्यक्रमलाई राखेका छौं ।

किसानलाई उन्नत बिउको सहज उपलब्ध हुने उद्देश्यले बिउ उत्पादक कृषकलाई ५० प्रतिशतसम्म अनुदान दिने व्यवस्था गरेका छौं । फलफूल

उत्पादक कृषक वृद्धि गरी फलफूल उत्पादक बढाउने उद्देश्यले फलफूल व्यवसायीहरूलाई बिरुवामा ५० प्रतिशत अनुदान लिने व्यवस्था गरेका छौं। प्रदेशलाई स्याउमा आत्मनिर्भर बनाउने उद्देश्यले स्याउ विकास कार्यक्रमलाई अगाडि बढाइएको छ । ग्रामीण क्षेत्रका घरहरू पोषण सुरक्षामा टेवा पुर्‍याउने उद्देश्यले ग्रामीण क्षेत्रमा करेसावारी तथा घर बगैंचा कार्यक्रमलाई अगाडि बढाएका छौं । जलवायु अनुकूल स्वस्थ कृषि उत्पादन वृद्धि गराउने उद्देश्यले मुख्यमन्त्री जलवायु मैत्री कृषि नमुना गाउँ कार्यक्रमलाई अगाडि बढाएका छौं ।

बाली सदनता बढाउने र उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले साना तथा आधुनिक सिंचाइ कार्यक्रमलाई अगाडि बढाएका छौं । उन्नत प्रविधि र यान्त्रीकरण मार्फत कृषि उत्पादन विकास र बजारीकरण गर्ने उद्देश्यले कृषिमुलक कार्यक्रमलाई अगाडि बढाएका छौं । त्यस्तै गरी पशुपन्छी क्षेत्रमा दुध र दुग्धजन्य खाद्य तथा मासु उत्पादन गर्ने उद्देश्यले भैंसी विकास कार्यक्रम छ । व्यवसायिक गाई तथा भैंसी पालन प्रबद्र्धन र दुध वृद्धि गर्ने उद्देश्यले गाई तथा भैंसी पालक किसानलाई दुधमा प्रतिलिटर रु २ रूपैयाँ ५० पैसा समूह वा सहकारीसँग केन्द्र मार्फत दिने व्यवस्था मिलाएका छौं । उन्नत कृषक बाख्रा व्यवसायीक रूपमा टेवा पुर्‍याउने उद्देश्यले बाख्रा स्रोत केन्द्र अनुसन्धान कार्यक्रम राखेका छौं । माछा व्यवसाय र उत्पादन वृद्धि गर्ने उद्देश्यले माछा पालनमा पोखरी निर्माणमा अनुदान र भुरामा खरिद गर्दा ५० प्रतिशत अनुदान र ढुवानी समेतको व्यवस्था मिलाएका छौं । किसानलाई निशुल्क विमा र जोखिम न्यूनिकरण गर्ने उद्देश्यले पशु विमा कार्यक्रम ५० प्रतिशत थप गरी १०० प्रतिशत हामीले विमा कार्यक्रमलाई वृद्धि गर्ने कोसिस गरेका छौं । घाँस प्रयोग गरी पशु आहारको लकर घटाउने उद्देश्यले घास स्रोतकेन्द्र निर्माण गर्ने घासको बिउ तथा बिरुवामा ५० प्रतिशत अनुदान दिने यो सबै हाम्रो अनुदान कार्यक्रम आममा लैजाने प्रयत्न गरेका छौं । पशु स्वास्थ्य कार्यक्रम वृद्धि गर्ने उद्देश्यले पशु स्वास्थ्यको लागि पूर्ण खोप र खोप निर्माण गर्ने कार्यक्रम छ । स्वस्थ मासु र मासुजन्य पशुपन्छी बजारीकरणका निम्ति पशुपन्छी बध स्थल फ्रेस हाउस तथा मिटमार्क निर्माण गर्ने कार्यक्रम छ। गाई पालन व्यवसायमा आधुनिकीकरण र औद्योगीकरण गर्नको निम्ति दुग्ध

विकास बोर्ड मार्फत शेयर लगानी गर्ने लगायतका कार्यक्रमलाई हामीले अगाडि बढाउने योजना छ । उन्नत प्रविधि सहित पशुपन्छी पालन र बजार व्यवस्थापनका निम्ति पशुपन्छी पकेट कार्यक्रमलाई हामीले आम रूपमा अगाडि बढाउने कोसिस गरेका छौं । गुणस्तरीय पशु स्वास्थ्य सेवाको निम्ति हामीले पशुपन्छी, भेटनरी अस्पताल सञ्चालन परिसर निर्माण गर्ने हरेक जिल्लामा त्यो हाम्रो कार्यक्रम छ। त्यसै गरी कृषिमा यान्त्रीकरण, आधुनिकीकरण, औद्योगीकरण गर्नको निम्ति आवश्यक कार्यक्रमको सन्दर्भमा कृषिलाई उद्योगको रूपमा जोड गरेर रोजगारी सिर्जना गर्ने उद्देश्यले कृषि पशुपालन तथा साना कृषि उद्योग निर्माण गर्ने, सुलभ र सहज रूपमा दानाको उपभोग बढाउने उद्देश्यले पशुपन्छी दाना उद्योग निर्माण गर्ने, गुणस्तरीय प्राङ्गरिक मल उत्पादन र उपयोग गर्ने उद्देश्यले प्राङ्गणिक तथा वायो चार्ट विधिमा मल उद्योग निर्माण गर्ने, कृषि कर्ममा लागत खर्च कम गर्ने, यान्त्रीकीकरण गर्ने, आधुनिकीकरण गर्ने उद्देश्य कृषि तथा पशुपन्छी व्यवसायमा यान्त्रीकीकरण कार्यक्रमलाई आरम्भ गर्ने । सामुहिक सहकारी खेती उत्पादनको निम्ति १ सहकारी १ उत्पादनको कार्यक्रम गर्ने, आधुनिक यन्त्रको प्रयोग बढाउन लागत खर्च घटाउने र उत्पादन वृद्धि गर्ने उद्देश्यले जग्गा चक्लाबन्दी यसको व्यवसायीकरण उच्च मूल्यको निम्ति हामीले रेशम, मौरी र च्याउ खेतीलाई पनि हामीले व्यवस्थित गर्ने कोशिस गरेका छौं। कृषि उपजको भण्डारण गरी व्यवसायलाई नाफमूलक बनाउने उद्देश्यले कोल्ड स्टोर तथा कोल्डरुमको निर्माण गर्ने, कृषि उपजको बजारीकरणलाई व्यवस्थित गर्नको निम्ति कृषि उपज संकलन केन्द्र हाडबजार तथा भण्डारण गृह निर्माण गर्ने कृषि उपज बजारीकरणको निम्ति बजारीकरण गर्ने कृषकको निम्ति उत्पादनको समर्थन मूल्य तोक्ने व्यवसाय सुलभ कर्जा र ब्याजमा हामीले कृषि कर्जामा ११ प्रतिशत सम्म ब्याज ऋण दिने सहकारी तथा बैंकबाट ऋण लिने किसानलाई ५० प्रतिशतसम्मको ब्याज अनुदान दिने । मैले अघिनै भनि सकेको छु । दक्ष जनशक्ति तयार गरेर रोजगारीका अवसर सृष्टि गर्ने उद्देश्यले इङ्कुवेशन सेन्टर सञ्चालनमा कार्यक्रम हामीले राखेका छौं । दक्ष जनशक्ति तयार गर्ने उद्देश्यले हामीले कृषि व्यवसाय तालिमलाई अगाडि बढाएका छौं र मल र माटो परीक्षण तथा रोग किरा परीक्षण व्यवस्थापन

गर्ने उद्देश्यले प्रत्येक पालिकामा माटो तथा बाली परीक्षण कार्यक्रमलाई अगाडि बढाउने योजना छ । कृषक पहिचान गर्ने उद्देश्यले कृषक वर्गीकरण र परिचय पत्र गर्ने कार्यक्रम छ । द्रुत कार्य र प्राविधिक सहयोग गरी कृषि सेवामा पहुँच विस्तार गर्ने उद्देश्यले हामीले अब सबै जिल्लामा कृषि ज्ञानकेन्द्र ५ र पशुपन्छी अस्पताल केन्द्र र विज्ञ केन्द्र ४ थपेर सबै जिल्लामा अगाडि बढाउने हाम्रो कार्यक्रम छ । त्यस्तै गरी चेक प्वाइन्टलाई व्यवस्थित गर्ने उद्देश्यले दुग्ध विषादीको निम्ति आबुखैरनीमा जग्गा खरिद गर्ने योजना बनाएका छौं । भने यता स्याङ्जाको मालुङ्गामा भवन निर्माण गर्ने कार्यक्रम छ हाम्रो । शेयर बजार मार्फत राहत जुन क्षति न्यूनीकरण गर्नको निम्ति प्राकृतिक प्रकोपमा आकर्षित सेवा कार्यक्रम राखेका छौं । कृषि तथ्याङ्क र प्रविधिको अभिलेख गर्नका निम्ति कृषि तथा पशुपन्छी तथ्याङ्क संकलन एवं भिडियो डकुमेन्ट्री निर्माण गर्ने कार्यक्रम हामीले अगाडि बढाएका छौं । यसै साल हामीले गण्डकी कृषि भन्ने मोवाइल एम्स निर्माण गरेका छौं । सबै माननीयज्यूहरूलाई आफ्नो प्लेस्टोरमा गएर डाउनलोड गर्न अनुरोध गर्न चाहन्छु । कार्यालय व्यवस्था सहजीकरण ल्याउनको निम्ति हामीले विभिन्न भवनको कामहरू कृषि ज्ञानकेन्द्र भवन निर्माण, भ्याक्सीन बैंक निर्माण, आवास भवन निर्माण कार्यलाई अगाडि बढाउने योजना भएका छौं । कार्यालयलाई आवश्यक पर्ने गाडी खरिद गर्न पनि हामीले आवश्यक बजेटको व्यवस्था गरेका छौं । अन्त्यमा, विनियोजन विधेयकमा यस मतदानको छलफलमा भाग लिई सल्लाह सुझाव पृष्ठपोषण र पालनपोषण गर्नुहुने सम्पूर्ण जनहरूप्रति आभार व्यक्त गर्दै प्राप्त सल्लाह सुझाव र पृष्ठपोषणहरू यथासक्य कायम गर्दै जाने म प्रतिवद्धता गर्न चाहन्छु । यस मन्त्रालयबाट छलफल हुने कार्यक्रम कार्यन्वयनमा यहाँको निरन्तर सहयोगको अपेक्षा राख्दै विदा चाहन्छु । धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्यहरू अब म माननीय उद्योग पर्यटन वन तथा वातावरण मन्त्री श्री विकास लम्साललाई विनियोजन विधेयक २०७७ छलफल गर्ने क्रममा आफ्नो मन्त्रालयसँग सम्बन्धित शीर्षकमा उठेको प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, आव ०७७/७८ को विनियोजित बजेटको उद्योग पर्यटन वन वातावरण मन्त्रालयसँग सम्बन्धित माननीय सदस्यज्यूहरूले व्यक्त गर्नुभएका चिन्ता, चासो, जिज्ञासा र मन्त्रालयसँग सम्बन्धित विषयहरूको बारेमा मैले यो सदनमा उठेका विषयहरूलाई प्रष्ट पार्न चाहन्छु । माननीय सदस्यहरूले अत्यन्तै महत्वपूर्ण सुझावहरू दिनु भएको छ । चिन्ता, चासो व्यक्त गर्नु भएको छ । हामीले अलि दीगो विकासको लागि र यसरी बजेटको प्रतिफल आउने गरी कसरी यो मन्त्रालयले काम गरिरहेको छ भनेर धेरैले माननीय सदस्यहरूले अत्यन्तै राम्रो सुझावहरू दिनु भएको छ ।

यसको लागि माननीय सदस्यहरूलाई हार्दिक हार्दिक धन्यवाद दिन चाहन्छु । हामीले यो बजेट बनाउँदा खेरी नीति तथा योजना आयोगको पञ्चवर्षे योजनालाई हेरेर माननीय मुख्यमन्त्रीज्यूको सल्लाह सुझाव, माननीय अर्थमन्त्रीज्यूको सल्लाह सुझाव र हाम्रो मन्त्रालयको मागलाई हेरेर हामीले यो बजेटलाई एउटा तय गरेका छौं ।

माननीय सदस्यहरू, र यो माननीय सदस्यहरूले जुन किसिमको एउटा बजेटमा सहभागीता होस् पारदर्शीता होस्, जवाफदेहीता होस् र सुशासन होस् भनेर जुन चिन्ता व्यक्त गर्नु भएको छ । ती सबै कुरालाई हामीले बजेट बनाउँदा खेरी अवलम्बन गर्ने कोसिस गरेका छौं । र यहाँ धेरै कुराहरू पनि उठे केही माननीय सदस्यहरूले यो अलि धेरै आक्रोश पनि हामीले पायौं । यसलाई यो बजेटलाई रूपमा भन्दा पनि सारमा गएर हामीले हेर्‍यौं, अध्ययन गर्‍यौं भने देखि मलाई लाग्छ अब विकासहरु अत्यन्तै दीगो सस्टेनेवल हुने हिसाबले हामीले बजेटलाई त्यतातिर लाने कोशिस गरेका छौं । मैले त्यो कुरा हाम्रो मन्त्रालयमा ८ वटा मन्त्रालयहरू छन्, हाम्रो मन्त्रालयसँग उद्योग, पर्यटन, वन वातावरण, लगायत आपूर्ति वाणिज्य विज्ञान प्रविधि जलवायू । ती सबैमा मन्त्रालयहरूमा हामीले बजेटलाई एलोकेट गर्नु पर्ने थियो ।

त्यसमा २९ वटा हाम्रा अफिसहरू छन् मन्त्रालय अन्तर्गत । ती सबै मन्त्रालयहरूलाई हामीले काम पनि दिनु पर्ने थियो । त्यसका लागि हामीले यो बजेट बनाउँदा खेरी के कुरालाई आधार मान्यौं त? भनेर भन्दा खेरी हामीले बजेटलाई पहिलो, प्राथमिकता र सिद्धान्तलाई हामीले आधार मान्यौं । दोस्रो, हामीले बजेट सरकारको नीति तथा कार्यक्रमलाई हामीले आधार मान्यौं । तेस्रो हामीले पञ्चवर्षे योजनालाई अहिलेको हाम्रो

यो बजेटले जुन ७०१ वटा शीर्षकहरू हाम्रो मन्त्रालयबाट अत्यन्तै पारदर्शी हिसाबले त्यो बजेटको ठाउँ, नाउँ, गाउँ र रकम एकदम तपाईंले ७०१ मा कहि कन्फ्यूज छैन । माननीय सदस्यहरू, केही माननीय सदस्यहरूले माग गरेका कुराहरू त्यसमा परेनन् भनेर माननीय सदस्यहरूले यसको विश्लेषण गर्दिनुभएन। यो अब हामीले नयाँ संविधानसँगै तीन तहका सरकारहरू बनेका छन्।

ती तीन तहका सरकारहरूमा हाम्रो मन्त्रालयले विगतमा हामीले माननीय सदस्यहरू एउटा लेटर प्याडमा लेखेर जाने कुराको कहिले अन्त्य हुन्छ ? कहिले यस्तो किसिमको बजेटको विकास हुन्छ ? भन्ने कुरा पनि उठ्यो । त्यसमा पनि हामीले यो मन्त्रालयका छलफलमा जाँदा खेरी म प्रष्ट पार्न चाहन्छु, हामीले यो बजेटलाई ऐना हेरेजस्तो छर्लङ्ग, तपाईं विगतमा जस्तो बजेट बाँडिसकेपछि कार्यविधि बनाउनु पर्ने, फेरि अर्थको सहमति लिनुपर्ने, कार्यान्वयनमा जाँदा खेरी करोडौं रूपैयाँ लाग्ने छ । थोरै पैसा राखेर त्यो काम कहाँ पुग्ने कहिले टुङ्गिने ? त्यस्ता कुराहरू अन्त्य गर्ने कोशिस हामीले यो बजेटमा गरेका छौं । म माननीय सदस्यहरूलाई यो कुरा प्रष्ट पार्न चाहन्छु । म पहिलो उद्योगबाट जान चाहन्छु माननीय सदस्यहरू, यो सरकारले प्रदेश सरकारले उद्योगमा ३ वर्ष भई सक्यो उद्योग ग्राम बनाउँछु भनेको कहाँ के भयो भनेर माननीय सदस्यहरूले कुरा उठाउनु भयो ।

नेपाल सरकारले आफ्नो नीति तथा कार्यक्रममा ७५३ मा ५ वर्षभित्र उद्योग बनाउने भनेर घोषणा गर्‍यो । यो वर्ष ७० वटा उद्योग ग्रामलाई अनुदान पैसा दियो। हामीले त्यही अनुरूप हाम्रो प्रदेशको नीति तथा कार्यक्रममा ८५ वटा स्थानीय तहमा हामी उद्योग ग्राम स्थापना गर्छौं भनेर हामीले घोषणा गर्‍यौं । हामीले एक पहिलो वर्षमा ती ८५ वटा स्थानीय तहमा अध्ययन गर्नका लागि संस्था छनोट गरेर पठायौं । त्यो प्रक्रिया त हामीले सबै पार गर्‍यौं त्यो ८५ वटा स्थानीय तहमा अध्ययन गर्दा खेरी १९ वटा स्थानीय तहले हामी कहाँ उद्योग बनाउन हामी जग्गा दिन सक्दैनौं भनेर आए । बाँकी रहेका सबै स्थानीय तहले हामीलाई पठाए ।

हामीले थपेको प्राविधिक टिमले १५ वटा स्थानीय तहमा अहिले केही जग्गाहरू नबढाए सम्म यो कार्यविधिलाई अवलम्बन गरेर जाँदा खेरी बढ्न सक्ने सम्भावनालाई के कुरा

मिलाउनु पर्छ र प्राविधिक रूपमा फिजिवल छैन भनेर हामीलाई रिपोर्ट दियो। ५१ वटा स्थानीय तहले उद्योग ग्राम बन्न सक्छ त्यसका लागि तपाईंले प्रक्रिया अगाडि बढाउनुहोस् भनेर हामीले रिपोर्ट पाइसकेपछि हामीले स्थानीय तहलाई परिपत्र गऱ्यौं ।

तपाईंको गाउँको यो ठाउँको यो स्थानीय तहमा उद्योग ग्राम बन्न सम्भव छ त्यसका लागि तपाईंले त्यो जग्गाको कस्तो हो सार्वजनिक हो कि ? सामुदायिक वन हो कि ? खोला हो कि ? के हो ? त्यो खुलाएर पठाउनुहोस् र त्यसको चौकिल्ला नापी सबै पठाउनुहोस् भनेर सबै आइसके पछि हामीले आएका र प्रक्रिया पुगेकालाई हामीले माथि सिफारिस गऱ्यौं । संघीय सरकारले १५ वटा स्थानीय तह नेपाल सरकारले ३९ स्थानीय तहमा घोषणा गरेकोमा गण्डकी प्रदेशमा १५ वटा स्थानीय तहहरु छनौट भए । यसमा १५ वटा स्थानीय तहका नाम पनि माननीय सदस्यहरुलाई आवश्यक पर्छ भने म दिन्छु। वालिङले त्यो काम राम्रोसँग अगाडि बढाएको छ । ताराखोलाले त्यो काम अगाडि बढाएको छ । विहादीले त्यो काम अगाडि बढाएको छ । त्यो त्यसरी १५ वटै स्थानीय तहहरूले एउटा प्रक्रिया अगाडि बढाएका छन् । त्यो माननीय सदस्यहरूले र हाम्रो विकास समितिले गएर त्यो कुरा अध्ययन गरिदिनुहुनका लागि पनि म अनुरोध गर्न चाहन्छु ।

हामीले काम गरेका छौं । सबैभन्दा राम्रो भएको छ । तर हाम्रो माननीय सदस्यहरूले के भयो ३ वर्ष सम्म भनेर कोइसन सोध्दाखेरी हामीमा एउटा समन्वय भएन कि हामीले गरेको काम जनतासँग हामीले सार्वजनिक गर्न सकेनौं कि ? र त्यो काम गर्न यो हामीले अहिले सम्म १५ वटा उद्योग ग्राम घोषणा गरेर संघीय सरकारले ९२ लाखका दरले स्थानीय तहलाई प्रदेशको नियमाअनुसार प्रदेशको कार्यविधि अनुसार तिमीहरूले काम अगाडि बढाउ भनेर सिधै स्थानीय तहको खातामा पैसा पठाइदिएको छ ।

हामीले ५४ लाख ५० हजारका दरले तिमीले काम गर प्रगतिका आधारमा भुक्तानी दिन्छौं भनेर स्थानीय तहसँगै एग्रिमेण्ट गरेका छौं । स्थानीय तहहरूले त्यो काम अगाडि बढाइरहदा खेरी अहिले कोभिडको कारणले सोचे जस्तो उनीहरू अगाडि जान सकेका छैनन् । गण्डकी प्रदेशका ८५ वटा स्थानीय तहमा जुन ५१ वटा स्थानीय तहहरू छनोटका लागि हामीले सम्भाव्यता देखेका थियौं।

ति १५ वटा छनोट भईसकेपछि अरुलाई पनि कसरी हुँदो रहेछ मन्त्रीज्यू, कसरी हामी पर्ने कसरी यो उद्योग ग्राम बनाउने । गाउँमा स्कूलको आडमा खुलेका उद्योगहरू गाउँमा मन्दिरको आडमा खुलेको उद्योगहरू छिरलिएका उद्योगहरू एकै ठाउँमा ल्याउँदा खेरी ग्राम बनाउँदा खेरी एउटा औद्योगिक विकास हुन सक्छ भनेर आज सबै स्थानीय तहको आकर्षण भईरहेको छ र हामी यो वर्ष केही न केही त्यो बाट रिजल्ट निकाल्ने छौं । त्यतिमात्र होइन माननीय सदस्यहरू हामीले प्रदेश स्तरमा २ वटा औद्योगिक ग्रामहरू बनाउने भनेर हामीले भोटे पोखरी र लोकाहाखोलामा पनि हामीले प्रक्रिया अगाडि बढाएका छौं । हामी ती ८५ वटा अध्ययन गरेर हामीले पोखरा महानगरपालिका र शुक्लागण्डकीको २ वटा जग्गा जोड्दाखेरी प्रदेश स्तरीय औद्योगीक ग्राम बन्न सक्छ ३ हजार रोपनीसम्मको क्षेत्रफल भनेर हामीले यहाँ त्यो जग्गा प्राप्तीका लागि हामीले मालपोत र नापीबाट त्यो जग्गा अगाडि बढेर हामीले त्यसको प्रक्रिया अगाडि बढेको छ । यसै वर्षबाट हामीले काम शुरु गर्ने योजना बनाइरहेका छौं ।

त्यस्तै हामीले लोकाहाखोलामा नवलपुरमा पनि देवचुली नगरपालिका र कावासोती नगरपालिकालाई जोडेर एउटा प्रदेश स्तरको त्यहाँ पनि १०० विगाहा भन्दा बढि जग्गा त्यहाँ हामीले औद्योगिक ग्राम बनाउने भनेर गण्डकी प्रदेश सरकारले अगाडि बढाएको छ ।

त्यसमा कस्तो कस्तो उद्योग राख्न सकिन्छ ? कस्तो कस्तो उद्योग व्यवसायीहरूसँग हामीले छलफल गरेर राख्न सकिन्छ भनेर अहिले प्रक्रिया अगाडि बढिरहेको छ । त्यतिमात्र होइन हामीले गोर्खाको पालुङ्गटारमा संघीय सरकारले नै त्यो उद्योग ग्राम स्थापना गर्न धेरै पहिलादेखि अगाडि बढेको कुरालाई समन्वय गरेर अगाडि बढिरहेका छौं । त्यो मात्र होइन, हामीले भृकुटी कागज कारखानामा पनि हामीले गोरखकाली रबर उद्योग जुन बन्द भएको छ त्यसलाई पनि अब सञ्चालनमा ल्याउने त्यसलाई पनि कसरी अगाडि बढाउने ? भनेर सरकारले समन्वय गरिरहेको छ । यो सरकारले औद्योगीक उद्योगको क्षेत्रमा २४ घण्टामा हामी १८ घण्टा हामी खटेर यो संविधानले सबै अधिकार हामीलाई मात्रै दिइरहेको छैन । संघलाई पनि दिएको छ, प्रदेशलाई पनि दिएको छ, स्थानीय तहलाई पनि दिएको छ ।

हामी बीचमा छौं समन्वय गरेर यो काम गर्दा खेरी हामीले उद्योग क्षेत्रमा अब पक्कै पनि अब विदेशबाट फर्केर आउने हामी खाली अर्काको ठाउँमा गई हाम्रो उद्योगको क्षेत्रमा हामी ७ वटा प्रदेशमा ५ औं स्थानमा थियौं भने अब यो वर्ष हामीले उद्योगहरू स्थापना गर्न सक्यौं, हामीले स्थानीय जडिबुटीबाट स्थानीय आवश्यकता अनुसारका उद्योग स्थापना गर्न सक्दाखेरी हामीले पक्कै पनि धेरै ठूलो रोजगारी सिर्जना गर्न सक्छौं। समृद्धिको जुन हाम्रो सपना छ, त्यसलाई साकार गराउनको लागि औद्योगिक क्षेत्रमा एउटा अत्यन्तै राम्रो व्यवस्थित काम हामीले अगाडि बढाएका छौं । म माननीय सदस्यहरूले उठाएका जिज्ञासालाई मेरो यो भनाईले प्रष्ट हुन्छ भन्ने मैले ठानेको छु र म उद्योगको क्षेत्रमा यति नै कुरा राख्न चाहन्छु। र अर्को पर्यटनको क्षेत्रमा हामी पर्यटन हाम्रो समृद्धिको मूल आधार हो भनेर हामीले तय गरेका छौं । हाम्रो पञ्चवर्षिय योजनामा अबको २५ वर्षमा हामीले अहिले आर्थिक वृद्धिदरलाई १ हजार ६५ बाट बढाएर २ हजार माथि पुऱ्याउँछौं भनेका छौं ।

त्यो पर्यटनबाट सम्भव छ भनेर हामीले त्यो बाटो तय गरेका छौं । पर्यटनमा पनि हामीले यो बीचमा महत्वपूर्ण भूमिका निर्वाह गर्न हामी सफल भएका छौं । माननीय सभामुख मार्फत म सभालाई यो जानकारी गराउन चाहन्छु । हामीले गण्डकी प्रदेशको पर्यटन भनेको यो प्रकृतिसँग जोडिएको छ, यो संस्कृतिसँग जोडिएको छ, यहाँ सबैभन्दा ठूलो सम्भावना छ भनेर हामीले त्यो एउटा तय गरेका  छौं ।

हामीले हामी आउँदा वित्तिकै हामीसँग हाम्रो बजेटले पुरानो डिपिआर बनेका पर्यटन क्षेत्रमा राम्रा काम गर्न सक्ने योजनाहरूलाई केही पैसा दिने भनेर हामीले मुष्ट ७ करोड राख्ने भन्ने हामीले आउँदा वित्तिकै त्यस्ता कति सम्भावना भएका योजनाहरू छन् भनेर स्थानीय तहसँग माग्यौं हामीले विभिन्न संघ संस्थाहरूसँग सबैसँग आवाहन गरेर हामीले डिपिआर माग्यौं हामीले त्यही डिपिआरको आधारमा केही पर्यटन क्षेत्रका राम्रो ठाउँमा बजेट विनियोजित गऱ्यौं । हामीले त्यसबाट पनि अत्यन्त राम्रो उपलब्धी पाएका छौं।

हामी गण्डकी प्रदेश सरकार गठन नभएको भए संघीयतामा मुलुक नगएको भए तपाईंको सग्राम संग्राहलय बन्ने थिएन, पुम्दीकोटको तपाईंले शिवलिङ्ग बनाएर पर्यटनको आकर्षण बन्ने कुरा अगाडि त्यो एक दमै ढिला भइरहेको थियो । त्यहाँ हामीले पैसा पठायौं,

हामीले गजेन्द्र मोक्षधाममा पैसा पठायौं त्यसरी गण्डकी प्रदेशभित्रका १०० भन्दा बढी डिपिआरहरू मागेर हामीले भौतिक मन्त्रालयबाट इन्जिनियर मगाएर हामीले यो कुनमा पैसा दिँदाखेरी राम्रो रिजल्ट आउन सक्छ भनेर हामीले दिएका ती सबै कामहरू माननीय सदस्यहरूको एउटा एउटा निर्वाचन क्षेत्रमा परेका छन् । हामीले त्यसरी पहिलो वर्ष त्यो काम गऱ्यौं । त्यसको अत्यन्तै राम्रो तरपनि अहिले हामीले त्यो कुरालाई पनि बुझीकन अब गण्डकी प्रदेशको पर्यटनलाई विकास गर्नको लागि हामीले प्रदेश सरकारले आउने वित्तिकै हामीले ११० गन्तव्यहरू छनोट गऱ्यौं त्यो गन्तव्यहरूको छनोट गरेर ४४ वटा गन्तव्यलाई विगतमा हाम्रो ४० लाखका दरले बजेट विनियोजित गऱ्यौं । त्यो पनि अहिले राम्रो प्रगति भइरहेको छ ।

यो वर्ष पनि हामीले बजेटमा बाँकी रहेका ६६ वटा गन्तव्यहरूलाई हामीले पुरा गर्ने भनेर हामीले बजेट राखेका छौं । त्यो हामीले कही आग्रह पूर्वाग्रह गरेर होइन । यो किताबमा छनोट भएका ११० गन्तव्यहरूको आधारमा हामीले त्यो कुनै पनि निर्वाचन क्षेत्र नछुट्ने गरी हामीले त्यो बजेटको प्रबन्ध गरेका छौं माननीय सदस्यहरू ।अहिले त्यतिमात्रै होइन अझ हाम्रो गण्डकी प्रदेशमा हामीले पर्यटन गुरु योजना बनाउने भनेर अहिले हामीले इनिसियल रिपोर्ट लिइसकेका छौं। हाम्रो पर्यटन गुरु योजना आइसकेपछि अब माननीय सदस्यहरू कसैको ढोकाढोकामा दैलादैलामा पोकेबजेट, धोकेबजेट भनेर जानु पर्दैन हामीले त्यो माननीय सदस्यहरूले यो गुरु योजनाले इङ्गित गरेको हामीले पर्यटकीय गन्तव्य भनेर एउटा मन्दिरलाई बुझेका थियौं, गुफालाई बुझेका थियौं ।

अहिले पर्यटन गुरु योजनाले के भन्यो भने पर्यटकीय गन्तव्य भनेको त पोखरा एउटा गन्तव्य हो। पोखराबाट वरिपरि रहेका तीनले आकर्षणहरू तिम्रा ती आकर्षणहरू हुन् भनेर आज एउटा यसले इङ्गित गरेको छ । अब हामीले ती आकर्षितहरूलाई व्यवस्थित गऱ्यौं भने हामीले धेरै लाखौं पर्यटनहरू अहिले कोभिडले थला परेको पर्यटन अब भोलि पर्यटकहरू आउँदाखेरी गण्डकी प्रदेश देशकै एउटा पर्यटकीय राजधानी हो। त्यो गण्डकी प्रदेश पर्यटकीय राजधानी राजधानी पोखरा हो ।

यहाँ आउने पर्यटकहरू तपाईंले लोमानथाङ देखि गजेन्द्रधामसम्म, यहाँ आउने पर्यटकहरू चुमनुब्री देखि हामीले बाग्लुङको ढोरपाटनसम्म जानको लागि अब सबै कुरा

यो पर्यटन गुरु योजना आइसके पछि हामीले यो पर्यटन गुरु योजनामा टेकेर ८५ वटा स्थानीय तहलाई हाम्रो प्रदेश सरकारलाई संघीय सरकारलाई हामी त्यो पर्यटकीय गन्तव्यको आकर्षणहरूको डिपिआर बनायौं भने अब हामी कसैको दैलादैलामा कुनै मन्त्रालयमा बजेटको लागि धाउनु पर्दैन । हामी सातै प्रदेशमा नमुना पर्यटकीयका रूपमा विकास गर्न सक्ने कुरा हामीले आधार निर्माण गरेका छौं माननीय सदस्यहरू । पर्यटन विकासका लागि जुनसुकै विकासका लागि तपाईंले विकास र शिक्षा भनेको हामीले एकैचोटी आत्तिएर हामी निरन्तरतामा हिँडेर पाउने चिज रहेनछ, विकासका लागि हामी पनि एउटा प्रोशेस प्रक्रिया गर्नु पर्ने रहेछ।

शिक्षाका लागि पनि एउटा निरन्तर कोशिसबाट हामीले एउटा विज्ञता हासिल गर्न सक्ने रहेछौं । त्यो कुरा हाम्रो मन्त्रालयले नियमित छलफल गरेर त्यो बाटोमा जानका लागि हामी लागि रहेका छौं । अहिले माननीय सदस्यहरू हाम्रो प्रदेश सरकारले कसरी सस्टेनेबल डेभ्लोपमेण्ट एचिभ गर्न सकिन्छ ? कसरी गरेका कामहरूमा दीगो विकास गर्न सकिन्छ ? आज माननीय सदस्यहरूले मन्त्रीले भाषण गर्दा यो कुरा भन्नु भो तर बजेट त सानोसानो छ भन्नुभा होला हामीले हेर्नुहोस् अहिले हामीले यो पञ्चवर्षे योजनालाई पहिलो आधार मानेका छौं ।

पञ्चवर्षे योजनाले पर्यटनमा के के कामलाई कसरी व्यवस्थापन गर्ने भनेर जे इङ्गित गरेको छ त्यता जान डाइभर्ट् गरेका छौं । हामीले सानोसानो बजेट पनि अहिले राखेका छौं त्यो हामीले किन राखेका छौं भने अहिले विदेशबाट फर्केर आउने युवाहरूले आफ्नो गाउँको बाटो बनाउनको लागि आफ्नो गाउँको पार्क बनाउनको लागि त्यो ५ लाख १० लाख १५ लाख रूपैयाँ दियो भने पनि त्यसले निरन्तरता हामीले दिन नपरोस् त्यो काम तत्कालका लागि सम्पन्न होस् त्यसले होम स्टेसम्म जानका लागि सहयोग पुऱ्याओस् । त्यसले नजिकको पर्यटकीय आकर्षणसम्म जान सहयोग पुऱ्याओस् । त्यो पैसाले तुरुन्तै समाजमा प्रतिफल दिओस् ।

अहिले इकोनोमिक्स एक्टीभिटि पनि होस् भनेर हामीले जानी बुझिकन ७ सय योजनामा साना योजना राख्न हामी त्यसमा पनि माननीय सदस्यहरूले जनतासँग बोलेका कुराहरूलाई माननीय सदस्यहरूले नै दिएका कुरालाई आधार मानेर हामीले बजेट

विनियोजित गरेका छौं माननीय सदस्यहरू । हामी त्यति मात्र होइन पर्यटन क्षेत्रमा हामीले ७ वटै प्रदेशमा एउटा मिसन चलायौं । आज अरुले हामीले पर्यटन क्षेत्रमा गरेको कामको मुक्तकण्ठले प्रशंसा गरेका छन् । हामीले ७ वटै प्रदेशमा गएर मुख्यमन्त्रीहरूलाई सम्बन्धित महानगरपालिकाका मेयरहरूलाई आवाहन गर्‍यौं तपाईंहरू गण्डकी प्रदेशमा घुम्न आउनुहोस् उहाँहरूले खुल्ला रूपमा त्यहाँहरूलाई आवाहन गर्नु भो । तपाईंहरू २०२२ सम्ममा गण्डकी प्रदेशको भ्रमण वर्ष सफल बनाउनको लागि सबै प्रदेशवासीहरूलाई, सबै नगरबासीहरूलाई गण्डकी प्रदेशमा घुम्नका लागि आह्वान गर्छौं भनेर हामीले त्यो सेल्फ मिसनको कार्यक्रमलाई पनि माननीय सदस्यहरूलाई म यो रोष्टमबाट जानकारी गराउन चाहन्छु । त्यसले हाम्रो पर्यटनमा अत्यन्तै ठूलो एउटा आकर्षण बढेको थियो । गण्डकी प्रदेशले खुल्ला रूपमा सबैलाई बोलाएको छ ।

गण्डकी प्रदेशले यसको संस्कृतिको त खानी नै छ प्रकृतिको खानी नै छ त्यहाँ गएपछि भन्ने कुरा हाम्रो व्यापक रूपमा चर्चा भएको थियो । त्यति मात्र होइन माननीय सदस्यहरू हामीले २०७२ सालको भूकम्पको प्रभाव अहिले पनि छ । द्वन्द्वको प्रभाव समाजमा अहिले पनि कायमै छ भनेर जुन किसिमको पर्यटनहरू आउनको लागि डराउथे त्यसको लागि बङ्गलादेशको राष्ट्रपतिलाई हामीले फेवातालमा ल्याएर डुङ्गा सयर गरायौं । हामीले एउटा रिर्ससमा लगेर एउटा भ्यूको दृश्य अवलोकन गर्न लगायौं । त्यसले संसारभरी एउटा सन्देश दियो गण्डकी प्रदेशले यसरी पाहुनाहरूलाई आह्वान गरेको छ । अतिथि देव भव भनेको छ सबैलाई बोलाएको छ भनेर पर्यटनमा हामीले १५ लाख पर्यटक आन्तरिक भ्रमण वर्षमा ल्याउने भनेको हाम्रो धेरै पर्यटकहरूको आकर्षण बढेको थियो । त्यही हिसाबले हामीले इङ्गित गरेर बजेटलाई राखेका छौं माननीय सदस्यहरू ।

यसरी हामीले पर्यटन क्षेत्रमा पनि राम्रो एउटा पर्यटकको रेकर्ड राख्ने स्थान थिएन हामीले त्यो पर्यटकको रेकर्ड राख्ने काम पनि हामीले शुरु गरेका छौं तर अहिले २०२० को भ्रमण वर्षको घोषणासँगै हामीले खुल्ला रूपमा एउटा कार्यक्रम सम्पन्न गरेर पर्यटन भ्रमण वर्ष मनाइराखेको बेलामा कोभिडले गर्दा त्यो काम सबै स्टप भएका छन् । अहिले त्यो काम स्टप भैसकेपछि पर्यटन क्षेत्रमा मसिनो गरी हामीले एउटा टिम बनाएर अध्ययन गर्‍यौं । आज गण्डकी प्रदेशमा मात्र पावर डे प्रतिदिन १३ करोड रुपयाँको पर्यटन क्षेत्रको आम्दानी अहिले रोकिएर बसेको छ माननीय सदस्यहरू अब हामीले

त्यसलाई कसरी रिकभर गर्ने ? त्यसलाई कसरी सर्भाइड गर्ने? कसरी त्यसलाई अगाडि बढाउने भन्ने कुरा हामीले यो अध्ययन पनि गरिरहेका छौं ।

त्यसका लागि पनि हामीले रिकोभरी प्लान बनाएर केही बजेटमा हामीले त्यो कुरा राखेका छौं माननीय सदस्यहरू । हामीले त्यस्तै वन क्षेत्रमा पनि वनमा हामीले १३ हाइटेक नर्सरी बनाएर हिजो वनमा निरन्तर बिरुवाहरू रोप्ने अनि त्यो बिरुवाहरू बर्खामा रोप्ने हिउँदमा जाने त्यस्तोलाई हामी अब सानो बिरुवा होइन कमसेकम १० फिटको बिरुवा हाईटेकभित्र बनाएर त्यो १० फिट भन्दा माथिको बिरुवा बनाएर रोप्यो भने त्यो बिरुवा दीगो हुन सक्छ भनेर हामीले त्यो कार्यक्रम अहिले गए वर्ष हामीले ३ वटा जिल्लामा गरेका थियौं भने अहिले ११ वटै जिल्लामा हामीले त्यसलाई अगाडि बढाएका छौं ।

वनमा फलफूललाई कसरी रोप्न सकिन्छ ? कसरी फलफूबाट बाली उत्पादन गर्न सकिन्छ ? त्यो फलफूलबाट जिवीको पार्जन गर्न सकिन्छ भनेर त्यो कार्यक्रमलाई पनि हामीले यो ७ सय कार्यक्रम भित्र समावेश गरेका छौं यसरी हामीले दीर्घकालिन कामको लागि व्यवस्थित सस्टेनेबल डेभलोपमेन्ट गोललाई एचिभ गर्ने हिसाबले बजेटलाई राखेका छौं भने केही हामीले निरन्तरतालाई पनि हामीले पूर्ण रूपमा तोड्न सकेका छैनौं ।

यो कुरा हाम्रो बजेटबाट त्यो प्रष्ट हुन्छ माननीय सदस्यहरूले जे चाहनु भएको छ त्यो कुरालाई हामीले सम्बोधन गर्ने कोशिस गरेका छौं । माननीय सदस्यहरूले जे एउटा चिन्ता जाहेर गर्नु भएको छ त्यसरी नै हामीले दीगो विकासका लागि अब हाम्रो गण्डकी प्रदेशमा विकास प्राधीकरण बनिसकेपछि विकास प्राधीकरणले एनलाइसिस् गरेर त्यसमा लाग्ने बजेटको डिक्लीयर गरेर कार्यन्वयन गर्न मन्त्रालयलाई दियो भने मलाई लाग्छ अब भोलिका दिनमा यस्तो किसिमको अस्थायी टेम्पोररी आज हामीले १ हजार भेट्यायौं भने १० हजार पाउँदाखेरी त्यो १ हजारको काम भत्काउने १० हजार पाउँदाखेरी १ लाख पायो भने १० हजारको काम भत्काउने जुन हाम्रो यो विकास थियो त्यो प्रक्रियालाई रोक्नका लागि दीगो विकासका लागि हामीले यो बजेटमा केही सम्बोधन गर्ने कोशिस गरेका छौं ।

माननीय सदस्यहरूले होमस्टेको बारेमा पनि धेरै कुराहरू उठ्यो र हामीले गत वर्ष अघिल्लो वर्ष ३० करोड होमस्टेमा बजेट विनियोजित गर्‍यौं त्यो ३० करोडमा हामीले २७ करोड रूपैयाँ २ सय ७४ वटा होमस्टेलाई हामीले अनुदान दियौं । त्यो हामीले व्यवस्थित रूपमा होमस्टे दर्पणै हामीले प्रकाशन गरेका छौं ।

यसमा कुन कुन होमस्टेले के के लगे के के गरे भनेर यो दर्पणमा सबै कुरा प्रष्ट लेखिएको छ । त्यसमा १० करोड रूपैयाँ जनताको सहभागीता भएको छ । समुदायको सहभागीता भएको छ । त्यसले हाम्रो संस्कृतिलाई जगेर्ना गर्नका निम्ति विभिन्न समुदायहरूलाई त्यो बजेटलाई सदुपयोग गर्नका लागि अत्यन्तै ठूलो सहभागीता हामीले त्यो होमस्टेमा पाएका थियौं । हामीले चुमनुभ्री देखि नवलपुरसम्म हामीले गोर्खाको देखि बाग्लुङ सम्म लोमाङथाङ देखि नवलपुरसम्म सबै ठाउँमा यो कार्यक्रम पुगेको छ । यसले त्यहाँको एउटा मुसहर जातिलाई पनि जो विहान उठेर खोलामा गएर उसको दिनचर्या चलेको थियो ।

उसले त्यो पैसा लिएर गएर पाहुँना आउछन् मैले सम्मान गर्नुपर्छ भनेर आफूले जस्तो सिकेको छ जस्तो जानेको छ त्यो हिसाबले काम गर्ने र सबैलाई सहभागी गराउने काम होमस्टेले गरेको छ । हामीले यो वर्ष पनि होमस्टेमा २५ करोड रूपैयाँ राखेका थियौं तर हामीले त्यो कार्यविधि बनाउँदाखेरी अघिल्लो वर्ष हामीले अलि प्रसादको आधारमा दियौं । वनबाट हामीले त्यो कार्यन्वयन गर्‍यौं । त्यसमा केही कमी कमजोरीहरू रहे ।

उनीहरूसँग भएको १० लाख छ तर उनीहरूले १ करोडको काम थाले र त्यसले अलिकति प्रतिफल राम्रो आएन हाम्रो उद्देश्य अनुसार गएन भनेर हामीले त्यो २७४ वटा होमस्टेहरूसँग हामीले फेरि आवाहन गर्‍यौं । त्यसमा २७४ वटामा १९३ वटाले प्रस्ताव दिए। त्यसमा हामी फिल्डमै गएर त्यो सबै होमस्टेहरूको अध्ययन गरेर १०३ वटा होमस्टेहरूलाई हामीले फेरि पनि यो वर्ष छनोट गरेका छौं र यो वर्ष कोभिडको कारणले कार्यन्वयन गर्न नसकेको कारणले हामीले अर्को वर्ष त्यसलाई १० लाखको दरले पैसा दिने भनेर यो बजेटमा हामीले १३ करोड भन्दा बढी रकम हामीले प्रस्तावित गरेका छौ माननीय सदस्यहरू । यसरी होमस्टेले पर्यटनका लागि विशेष गरी ग्रामीण

पर्यटनका लागि हाम्रो गण्डकी प्रदेशमा भएको समुदायहरूलाई सबैलाई  आफ्नो बिग्रेका घरहरूलाई रिनेबेट गर्नका लागि समुदायमा सबैलाई इङ्गित गर्नको लागि अत्यन्तै ठूलो सबैलाई यसले सम्बोधन गरेको छ । कहाँ छ गण्डकी प्रदेशमा प्रदेश सरकार ? भन्नेहरूलाई प्रत्येक जनताको घरघरमा पुऱ्याउने काम  यो होमस्टेले गरेको छ ।

माननीय सदस्यहरूले चिन्ता गर्नु भो होमस्टेमा बिल्डीङ बनेको छ । ढोका हालेको छैन, झ्याल हालेको छैन, के छ सरकारको प्लान ? भनेर धेरै माननीय सदस्यहरूले कुरा उठाउनु भो हामी त्यस्तोलाई यो वर्ष १३३ वटा होमस्टे जुन एउटा निर्वाचन क्षेत्रमा एउटा नछुट्ने गरी जुन  पर्यटकीय आकर्षणको नजिक होस् जुन ठाउँमा अहिले भर्खरै होटेल रिसोर्टहरूको विकास हुन सक्ने अवस्था छैन त्यस्तो ठाउँमा होमस्टे बनाउने गरी हामीले कसैलाई पनि पक्षपात नगरीकन निर्वाचन क्षेत्र नछुट्ने गरी जिल्ला नछुट्ने गरी हामीले यो प्रस्तावित गरेका छौं १३३ वटा होमस्टेहरू त्यो यो कार्यक्रममा राखेका छौं ।

माननीय सदस्यहरूले कही यो परेन कही मन्त्रीलाई भनिएन त्यसमा हामीले आग्रहपूर्वाग्रह राखेका छैनौं । यसरी हामीले होमस्टेबाट यो आन्तरिक पर्यटनलाई बलियो बनाउनको लागि यही पोखराभन्दा बाहिर ग्रामीण पर्यटनलाई उठाउनको लागि यो अत्यन्तै महत्वपूर्ण योगदान यो होमस्टेको कार्यक्रमले गर्दै छ माननीय सदस्यहरू। अर्को हामीले ताल प्राधीकरण गठन गऱ्यौं । हामी आइसकेपछि केही राम्रा तालहरू, खोलाहरू, भङ्गलाहरू, हामीले कुण्डहरूको हामीले केही संरक्षण गर्ने काम गरेका छौं ।

हामी नगरपालिकासँग मिलेर यही सेलीटेसन ड्याम बनायौं फेवातालको आशपासमा, त्यो सम्मानीत सर्वोच्च अदालतको फैसला कार्यान्वयनका लागि पनि हामीले त्यो काम नगरी नहुने थियो त्यसमा काम गऱ्यौं । त्यस्तै हामीले ७० वटा पोखरीहरू बनाएका छौं । हामीले त्यो एउटा तत्काल गर्ने कामलाई पनि निरन्तरता दियौं । सँगसँगै हामीले ताल प्राधिकरण विधेयक ल्यायौं । हामीले सिइयो नियुक्ती गऱ्यौं । अब तपाईंले गण्डकी प्रदेश भित्रका सबै ताल, पोखरी, कुण्ड, कुवा सबैको कति गहिराइ छ ? कति त्यसको क्षेत्रफल छ ? कति त्यसको विकास गर्न सकिन्छ ? कसरी त्यसमा पानी जम्मा गर्न सकिन्छ ? त्यो पानीलाई जम्मा गरेर फर्केर आउने युवा जवानीहरूलाई यही गाउँमा

रोजगारी दिएर त्यहाँ  हामीले जलचरहरू त्यहाँ खेल्न सक्ने चराचुरुङ्गीले पानी खान सक्ने, वन्यजन्तुहरूले पानी खान सक्ने मैले हाम्रै विपक्ष‍ी दलको निर्वाचन क्षेत्रमा एउटा दबाह ताल मैले त्यहाँ ताल भन्न पनि सम्भावना थिएन भन्दा खेरी त्यहाँ हामीले पर्यटकहरू गएर हेर्दाखेरी वन्यजन्तुले पानी खान सक्ने हिसाबले एउटा नमुना ताल हामीले नवलपुरमा पनि बनाउन सफल भएका छौं । त्यस्ता ७० वटा ताल बनेका छन् । ती विभिन्न जिल्ला वा क्षेत्रमा छन् ।

यसरी हामीले अब व्यवस्थित हिसाबले यही ६ महिनाभित्र अब हामी सबैले इन्भेन्ट्री निकाल्ने छौं । सबै ताल, पोखर, कुण्ड, कुवाहरूलाई व्यवस्थित गर्ने छौं । त्यो तालमा हामीले पहिलो वातावरणको संरक्षण हुने छ । दोस्रो कुरा त्यसले पर्यटनको आकर्षण बढाउने छ । तेस्रो कुरा हामीले त्यसलाई बहुउपयोगी प्रयोग गरेर त्यसबाट हामीले तरकारी उत्पादन गर्ने, सिँचाइलाई विकास गर्ने, त्यसबाट हामीले अरु माछा पालन गर्ने, त्यसरी आम्दानीको स्रोत बढाउने हिसाबले हामी ताल प्राधीकरण गठन गरिसकेपछि त्यसमा हामीले बजेट एलोकेट गरेका  छौं । अब कसैले मेरो भन्नु पर्दैन हामी सम्भव भएका सबै पोखरीहरू यो वर्ष कतिवटा बनाउने? कहाँ कहाँ बनाउने ? अर्को वर्ष कति बनाउने ? हाम्रो इन्भेन्टी आइसकेपछि त्यहाँ हामी बजेट एलोकेट गर्ने छौं । हामी दीगो काम अगाडि बढाएका छौं र तत्काल पनि हामी त्यो कामलाई अगाडि बढाएका छौं माननीय सदस्यहरू ।

यसरी हाम्रो मन्त्रालयमा आपूर्ति र वाणीज्यको कुरालाई पनि कोभिड–१९ ले कति धेरै बजारमा हलचल आयो । हिजोको जस्तो नाकाबन्दीमा जस्तो हुन्छ भन्ने भयो। हामीले तुरुन्तै एउटा सहज प्याकेज निर्माण गऱ्यौं । सबै उद्योग व्यवसायीहरूलाई बोलायौं हामीसँग संरचना केही पनि थिएन । सबै व्यपारीहरू आउनु भो अब यो विश्व संकटमा परेको बेलामा हामीलाई नाफा चाहिएको छैन । माननीय मन्त्रीज्यू तपाईले भन्नुहोस् हामी सहज रूपमा हाम्रो स्टोरमा भएको सामान दिन्छौं भनेर निजी क्षेत्रले हामीलाई अत्यन्तै ठूलो सहयोग गऱ्यो त्यसबाट हामीले राहत प्याकेज र सहज प्याकेज बनायौं । बजार कहिल्यै पनि अभावमा गएन कहिल्यै पनि मूल्य वृद्धिको कुरा सुन्नु परेन त्यो गण्डकी प्रदेश सरकारले नजिकबाट निगरानी गरेर उद्योग व्यवसायीहरूसँग सहकार्य गरेर हामीले अहिलेको संकटमा समस्या सम‍ाधान गऱ्यौं त्यो हामीले आपूर्ति बजार

अनुगमन गऱ्यौं कहिनेर अभाव छ भने किन त्यस्तो केही व्यापार भएको छ भने त्यो हामी तुरुन्तै सचेत गरायौं ।

त्यसलाई हामी रोकेर अगाडि बढ्यौं । अर्को हामीसँग अहिलेसम्म प्रयोगशाला थिएन। हाम्रो यहाँको खाद्यवस्तु परीक्षण गर्नको लागि बुटवल पठाउनु पर्ने थियो। हामीले विज्ञान प्रविधि प्रयोगशाला बनाउने भनेर अघिल्लो साल पनि बजेट राख्यौं । त्यसलाई हामीले कार्यन्वयन गर्न अलि कठिनाई भए हामीले जग्गा नभएर अहिले हामीले जग्गा सेलेक्सन गरेर यो वर्ष पनि हामीले त्यसमा बजेट राखेका छौं । र अब हामी यो साल नै हामीले प्रयोगशाला स्थापना गरेर हामीले बुटवल गएर गर्ने कुरा हामीले यही गण्डकी प्रदेशबाट गराउने कुरा हामी अब त्यसमा पनि हामी विज्ञान प्रविधिको सिइयो ल्याइसकेपछि प्रयोगशाला स्थापना गरिसकेपछि हामी त्यो काम यहीबाट गर्न सक्छौं।

माननीय सदस्यहरू, हामी विजुलीको उत्पादन बढ्दै गएको छ यसलाई वृद्धि गर्ने भनेर माननीय सदस्यले कुरा उठाउनु भयो । २० लाख रूपैयाँ किन बाँड्नु पऱ्यो। २० लाख होइन माननीय सदस्यहरू त्यसमा २ करोड रूपैयाँ हो । हामीले यो हाम्रो पञ्चवर्षे योजनामा अबको ५ वर्षभित्र गण्डकी प्रदेशमा ५ हजार मान्छेले यी विद्युत चुलो प्रयोग गरेका हुनेछन् भनेर राखेको छ । हामीले यो वर्ष कमसेकम २ हजार चुला वितरण गर्नका लागि हामीले २ करोड रूपैयाँ अनुदान राखेका छौं ।

हामीले ती प्रत्येक होमस्टेहरूमा, प्रत्येक जिल्लाका नागरिकहरूले त्यो चुलालाई हामीले खुल्ला रूपमा राम्रो सस्टीयबल टाइपको चुलो ल्याएर हामीले वितरण गरेर त्यसलाई २ हजार घरपरिवारमा विद्युत चुलो उपयोग गर्ने र हामीले ग्याँसलाई विस्तापित गर्ने र हाम्रै खोलानालाबाट निस्केको पानीबाट विजुली प्रयोग गर्ने । हामीले विजुली बेच्ने होइन नेपालीले प्रयोग गर्ने हिसाबले २ हजार चुलो वितरण गर्नका लागि २ करोड रूपैयाँ राखेका छौं । सबैभन्दा राम्रो चुलो हामी कम्पीटिसन गरेर ल्याउछौं ।

हामी चुलो लिन चाहनेहरूलाई कति प्रतिशत छुट दिने हामी कार्यविधि बनाउँछौं र यो वर्ष नै प्रत्येक गण्डकीवासीहरूले विद्युत चुलो प्रयोग गरेर हामी त्यसलाई प्रयोग गर्न सक्ने हाम्रै कराई बस्न सक्ने हाम्रै फलामका भाँडामा पाक्न सक्ने हाम्रै माटाका भाडामा पनि पाक्न सक्ने टाइपको विद्युतीय चुलो प्रत्येक नागरिकको घरघरमा पुऱ्याउने त्यो

हामीले दीगो विकासका लागि हामीले समृद्धि र विकासका लागि हाम्रो पलायन रहेको पुँजीलाई रोक्नको लागि यो कार्यक्रम यो बजेटमा राखिएको छ ।

माननीय सदस्यहरू हामीले बजेटमा यतिधेरै राम्रो कुराहरू समावेश गर्दागर्दै माननीय सदस्यहरूले जहाँ नेर फर्काउँदा खेरी आँखा पर्छ त्यही नेर हेरेर रुखको रुपमा यसको टिप्पणी नगरिदिनुहोस् सारमा पुगेर यसलाई हेर्नुहोस्, हामी पारदर्शीका लागि हामी सहभागीताका लागि हामी जवाफदेही हुन तयार छौं र सुशासन कायम गरेर गण्डकी प्रदेशले नै समृद्धि हासिल गर्ने कुरामा हाम्रो मन्त्रालयमा कहिनेर कम्प्रमाइज हुँदैन ।

हाम्रो मन्त्रालयमा म आइसकेपछि कतिधेरै समस्या छन् कतिधेरै सामानहरू छन् ती सबैसँग जुधेर म यो सभाबाट गर्न चाहन्छु माननीय सदस्यहरूले मैले बढी नै भने नठानिदिनुहोला ! कहि नेर हाम्रो १ रूपैयाँ अघिनै हाम्रो माननीय सदस्यले गौवा देखि धेरै ठूलो कुरा गऱ्यो सरकारले भन्नु भो गौवामा कही नेर पनि १ थोपो घ्यू पनि त्यो गौवामा छुट्या छैन । १ थोपो घ्यू पनि हामीले कही पोखिएको छैन त्यो गौवामा जे जति घ्यू छ, हामीले जति बजेट एलोकेटे भाको छ त्यसको प्रतिफल आउने गरी जनताले विकासको अनुभूति गर्ने गरी मन्त्रालयले काम गरेको छ ।

अझ नयाँ संविधान सँगै हाम्रो केही अधिकारहरू बाँडफाँड हुन बाँकी छन् । केही संघले हामीलाई काम गर्ने कुरामा अधिकार दिने कुरामा ढिलाई भएका छन् । जग्गा प्राप्ती गर्ने कुरामा ढिला भएका छन् । अब यो २८ महिनामा हामीले जे गरेका छौं हामीले यो ५ वर्ष काम गर्दाखेरी जनताले अपेक्षा गरेको जस्तो विकास गरेर देखाउने कुरा म माननीय सदस्यहरूलाई विश्वास दिलाउन चाहन्छु । तपाईंहरूले जे चिन्ता गर्नु भाछ पैसा माग्न लेटर लिएर मन्त्रीको ढोकामा जान नपरोस् । लगेको पैसा हेर्दाहेर्दै दुरूपयोग भएको देख्न नपरोस् ।

आवश्यकता अनुसार बजेट जाओस् र त्यो गरेको काम दीगो होस् भनेर जुन तपाईंहरूले माग गर्नु भाछ त्यो कामका लागि हामीले संरचना बनाउन लागेका छौं त्यसका लागि हामी लडिराखेका छौं । म ५४ सालको स्थानीय तहको प्रतिनिधि पनि हो । म संविधान सभाको सदस्य पनि हो ।

म सौभाग्यले अहिलेको संस्थागत प्रदेशको मन्त्री पनि हो । विगतमा मुलुकले जे दुःख पायो त्यही दुःख पाउँदापाउँदै आफू पनि त्यसबाट घिसारिएर जानु नपरोस् र मुलुकलाई एउटा भोलि आउने पिँढीले दुःख पाउन नपरोस् र तीनलाई कसरी ती हाडलहरूको अन्त्य गर्ने ? कसरी लोकतन्त्रलाई बलियो बनाउने ? कसरी विकास गर्ने? र यो बजेटमा हामीले जे जे कुरालाई आधार मानेर गरेका छौं त्यो माननीय सदस्यहरूको मागको सम्बोधन हुन्छ भन्ने कुरा विश्वास दिलाउँदै माननीय सदस्यहरूले जे कुरा उठाउनु भाछ ती सबै कुरा प्रति मेरो पूर्ण समर्थन छ । माननीय सदस्य विन्दु थापाले धेरै चोटी नामै मेरो भन्नु भयो यो ग्लास ब्रिज बनाउने भनेर पैसा राखियो किन त्यो काम भएन भनेर ? माननीय सदस्यहरूले ग्लास ब्रीज बनाउने भन्नु भयो १ अरब घटी ग्लास ग्रिच बन्न सम्भव रहेनछ । हामीले धेरै विज्ञहरूलाई ल्याएर अध्ययन गऱ्यौं । चाइनामा बनेका ग्लास रिचहरू, जापानमा बनेका ग्लास रिचहरू अहिले यूटुबमा सबै देखिन्छ हामीले अध्ययन गराउँदा खेरी पनि यो ५० लाखले पुग्दैन भनेर संस्था छनोट भएन उहाँले पछाडि पार्क बनाइदीनु पऱ्यो भन्नु भाथ्यो । एउटा उद्देश्यका लागि छनोट भएको बजेट फेरि विना सहमति मन्त्रालयले अर्को तिर लान सक्दैन माननीय सदस्य, हामीले त्यसकारण त्यहाँ पार्क बनाउने हो भने हामी ग्लास ब्रीजबाट पछाडि हटेका छैनौं । त्यही अनुसारको बजेट त्यही अनुसारको विज्ञता र त्यही अनुसारको वातावरण बनाउँदा खेरी नयाँ ग्लास ग्रिच बनाउँछौं । र हामी सेती गराजुमा धेरै पर्यटकीय एउटा आकर्षणको रूपमा विकास गर्ने योजनाबाट हामी पछाडि हटेका छैनौं ।

५० लाख ग्लास ब्रिज नबनेको मात्र हो माननीय सदस्यहरू, अर्को हाम्रो माननीय सदस्यले हिजो एक्यापको हेण्डओभर गर्नुपर्ने भन्ने फेरि जिक्याप र एक्याप किन चाहियो ? भनेर क्वाइसन उठाउनु भयो । हामीले एक्याप बेठीक भनेका होइन एक्याप अब संविधान बनिसकेपछि एक्यापले हिजो एकदमै राम्रो महत्वपूर्ण योगदान गरिसकेपछि अब त्यसको म्यनेजमेन्ट प्रदेश सरकारलाई दिओस् स्थानीय तह र प्रदेश सरकार मिलेर काम गर्छ भनेर हामीले भनेका हौं । हामीले जिक्याप पनि बनाउँछौं एक्याप पनि बनाउँछौं तर हिजोको संघीय सरकारले कुनै केन्द्रीयलाई दिए जस्तो गरेर होइन हाम्रै सरकारको म्यानेजमेन्टमा व्यवस्थापनमा हामीले गर्ने र पर्यटनको कन्जरभेसनको लागि त्यो काम गर्ने भनेर बजेट प्रस्तावीत गरेका छौं माननीय सदस्यहरू । अब प्रदेशले

नेतृत्व गरेर स्थानीय तहसँग सहकार्य गरेर हामीले पर्यटनको क्षेत्रमा, वातावरणको क्षेत्रमा र त्यो क्षेत्रको आकर्षणलाई जगेर्ना गर्नलाई जनतालाई सहभागी गराएर त्यहाँको स्थानीय प्रतिनिधिहरूलाई सहभागी गराएर र त्यो जिउँदै एक्यापले प्राविधिक सहयोग हामीलाई डिक्यापमा पनि एक्यापमा पनि होस् अरु सबै हामीले म्यानेजमेण्ट गर्छौं त्यसको आम्दानी हामीले नै लिन्छौं जनताले नै लिन्छन् र त्यही आम्दानीबाट विकास गर्छन् भनेर हामीले यो कार्यक्रमलाई अगाडि बढाएको हो ।माननीय सदस्यहरूले हामीले त्यसका लागि हाम्रो संघीय मन्त्रीज्यूसँग ६ महिनालाई म्याद थप्ने प्रदेश र संघको एउटा टीम बनाउने ६ महिना पछि हेण्डओभर गर्ने भनेको पछि फेरि ६ महिनामा भ्याइदैन कि भनेर १ वर्ष गरियो भनेर संघीय मन्त्रालयले यसको म्यात थपेको छ । हामीले १ वर्ष पछि अब त्यो प्रदेशकै नेतृत्वमा त्यसलाई अगाडि बढाउने कुरामा प्रदेश सरकार प्रतिबद्ध छ । त्यसका लागि हाम्रो माननीय मुख्यमन्त्रीले पहल गर्नु भाछ ।

हामी त्यहाँ बसेरै सहमति गऱ्यौं र हामी १ वर्षपछि अब यो प्रदेशकै नेतृत्वमा हामी प्रदेशकै व्यवस्थापनमा त्यो चलाउने कुरा हामी विश्वास दिलाउन चाहन्छु र माननीय सदस्यहरूले उठाएका धेरै कुराहरू प्रष्ट भएका छन् अन्य बाँकी कुराहरू पनि हामी फेरि अनौपचारिक रूपमा पनि बसेर पनि छलफल गरौंला र हाम्रो मन्त्रालयमा अत्यन्तै पारदर्शी र हामी सबैको सहभागीता चाहेका छौं र हामी हरेक कुराको हामीले गरेर यो मलाई थाहा छैन हामी त्यसको जवाफदेही दिन तयार छौं र सुशासन हाम्रो पहिलो सर्त हो त्यो हिसाबले काम गर्ने कुरामा हामीले कुनै कम्प्रमाइज गर्दैनौं र हामीले गण्डकी प्रदेशको विकास र समृद्धिको जुन हाम्रो चाहना छ सपना छ, जनताको जुन हामीलाई सपोर्ट छ र माननीय सदस्यहरूले अभिभावकको हिसाबले प्रतिपक्षले पनि हामीलाई जुन सहयोग गरेको छ त्यो काम हामी पूरा गरेर छोड्छौं भन्ने विश्वास दिलाउँदै मेरो भनाई यही अन्त्य गराउन चाहन्छु हस् त धन्यवाद !

**माननीय सभामुख**

माननीय सदस्यहरू अब यो बैठक ३० मिनेटको लागि स्थगित हुन्छ ।

# भर्बेटिममा संलग्न

| तयार गर्ने | रुजु गर्ने | कम्प्युटर सेटिङ् तथा प्रिन्टिङ् |
|---|---|---|
| | | |

हिमालय अपसेट प्रेस रबिन्द्र घिमिरे सबिता कुमारी शर्मा

नयाँबजार पोखरा । ,अधिकृत )आठौं (माइक संचालक

सबिता कुमारी शर्मा

माइक संचालक

**प्रमाणित गर्ने**

हरिराज पोखरेल

प्रदेश सभा सचिव